# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

सामान्यतया विस्थापन भन्नाले एक ठाउँबाट अर्को ठाउँमा सर्ने प्रकृया भन्ने बुभिन्छ । कुनै पनि वस्तु वा मानिस एक ठाउँबाट अर्को ठाउँमा सर्छ भने त्यो नै विस्थापन हो । मानिसहरू विस्थापन हुने विभिन्न कारणहरू हुने गर्दछ । जस्तै आन्तरिक द्वन्द, प्रकृतिक प्रकोप, लडाई झगडा आदि कारणले मानिसहरू एक ठाउँबाट अर्को ठाउमा विस्थापित भएको देखिन्छ । Global overview(2012)काअनुसार armed conflict, generalized violence र मानव अधिकारको उल्लंघन आदि विस्थापनको कारण भएको उल्लेख छ । त्यस्तै ICRC(2009) माउल्लेख भएअनुसार armed conflict को समयमा मानवअधिकारको उल्लंघन हुने भएकोले व्यक्ति तथा समुदायहरूले आफू बसी रहेको घर अर्थात आवास छोड्न बाध्य हुने उल्लेख छ ।विस्थापनलाई विश्वकै समस्याको रूपमा लिने गरेको पाइन्छ ।

विश्वमा प्रत्येक वर्ष २५ देखी ५० लाख मानिस विस्थापन हुने गर्दछ । यसरी मानिसहरू द्वन्द्व र प्राकृतिक प्रकोपको समयमा बढी विस्थापन हुने गर्दन । आफु बसिरहेको समुदायमा आफु र आफ्नो परिवारको सदस्यहरू असुरक्षित हुने संभावना बढेर गएको अवस्थामा मानिसहरू विस्थापन हुने गर्दछन् । आफु बसिरहेको समुदायबाट आफ्नो देशको सीमा भित्र बसाई सर्नु नै आन्तरिक विस्थापन हो । देशको सीमा पारगरी बसाई सर्नुलाई शरणार्थी भनिन्छ । (Tamang, 2009)।

यतिबेला अन्तराष्ट्रिय समुदाय, संयुक्त राष्ट्र एजेन्सी, अन्तराष्ट्रिय सरकारी वा गैर सरकारी संगठनहरूको ध्यान आन्तरिक जनसंख्या विस्थापनतिर केन्द्रित भएको देखिन्छ । cold warको अन्त्य भए पछी नयाँ प्रकारको आन्तरिक द्वन्द्वले तीब्रता लियो । द्वन्द्वको मुख्य कारणहरू जातीय, धार्मिक र पहिचानको मुद्धा हुन थाल्यो । यो मुद्धा जतातत‌ै उठ्न थाल्यो । जसको कारणले दुई सम्प्रदायबिच द्वन्द्व हुने जतातत‌ै आन्दोलन हुने आदी कारणले गर्दाआन्तरिक विस्थापन हुनेको संख्या बृद्धी भयो । यो समयमा राज्य पक्षको great

strategic हुन आवश्यक थियो तर कमजोर देखियो । द्वन्द्वको मुख्य कारण political andreligiousथियो(Hickel, 2001)।

Khatiwada(2012) का अनुसार शिक्षा, आर्थिक अवसरको खोजीमा पनि गाउँबाट शहर अर्थात शिक्षा र आर्थिक अवसरको पहुँच भएको ठाउँमा विस्थापन हुने गर्दछ । नेपालमा Armed Conflictको समयमा आफु बसीरहेको समुदायमा आफु असुरक्षित भएको महशुस गरी बाध्य भएर आन्तरिक रूपमा विस्थापित हुनेको संख्या अत्याधिक बढेको थियो । नेपालमा माओवादी द्वन्द्वको समयमा २,००,००० भन्दा बढी मानिस विस्थापित भएका थिए ।

नेपालमा १० वर्षे जनयुद्धको समयमा ग्रामीण क्षेत्रको जनता बढी प्रभावित भएकोथियो । संघर्षको समयमा विद्रोहीहरूले land and propertyकब्जा गर्ने धम्की दिने आदी कारणले २,००,००० देखी ४,००,००० मानिस स्थायी र अस्थायी रूपमा विस्थापन भयो भने १३,००० भन्दा वढी मानिस मारिए २००७ को शान्ति प्रक्रिया पछि कतिपय विस्थापित भएकाहरू पुनस्थापित भयो । कतिपय अहिलेसम्म पनि पुनस्थापित हुन सकिरहेको छैन । विस्थापित भएकाहरूको accurate dataपाइदैन कीनभने धेरै मानिसहरू इन्डीया वसाई सरेर गएको अनुमान गरिएको छ(Tamang, 2009)।

द्वन्द्व र प्राकृतिक प्रकोपको समयमा शारीरिक आक्रमण, यौन शोषण, अपहरण, हत्या आदी हुने संभावना वढी रहन्छ । यस्तो अवस्थामा पहिला वालवालिका वढी जोखीममा पर्ने र शोषण हुने संभावना वढी हुन्छ । त्यसैले आफु असुरक्षित भएको महशुसगरी आन्तरिक रूपमा विस्थापन हुने गर्दछ (UNHCR, 2013)।

माओवादी संघर्षको समयमा दुई समुहविच उनीहरूको अस्तित्व एकदमै फरक र अस्पष्ट भए पछि दुई समुदाय विचमा द्वन्द्व हुने भएपछि स्वैच्छिक रूपमा बाध्य भएर आन्तरिक रूपमा विस्थापन भएको पाइन्छ । २००८ मा गरिएको एक अनुमान अनुसार १,८०,००० भन्दा बढी मानिस विस्थापित भएको थियो । यसरी विस्थापित भएकाहरू2007 को शान्तिप्रक्रिया पछि पनि केही जनता पुनस्थापित हुन सकिरहेको छैन । अझै पनि गन्तव्य क्षेत्रमा स्रोतसाधनको अभाव छ । सरकार र stakeholdersविचमा समन्वय हुन सकिरहेको छैन । यसरी आन्तरिक रूपमा विस्थापन भएकाहरूको आधारभुत आवश्यकता पुरा गर्न असक्षम भएको र अभावमा जिउन वाध्य हुनु परेको छ । 2007मा माओवादी र सरकार

पक्षको वार्ता भएपछि धेरै विस्थापन भएकाहरू पुनर्स्थापित भयो तर माओवादी कार्यकर्ताहरूले जवरजस्ती चन्दा माग्ने, धम्काउने आदी कार्य गरेकोले ढुक्क भएर बस्ने अवस्था उनीहरूमा थिएन (Khatiwada, 2012)।

तर नेपालमा Armed Conflictअन्त्य भए पछि फेरी मधेस आन्दोलन चर्किएको देखिन्छतराईमा पहाडी मुल र तराई मुलको जनता पाँच दशक भन्दा पहिला देखी सँगै वस्दै आएको तर अहिले आएर मधेशी र पहाडीया विच तनाव उत्पन्न भएको देखीन्छ । मधेशी नेताहरूले पहाडीयाहरूले राजनीति र देश विकासमा सहभागी नगराएको भेदभाव गरेको आरोप लगाएको पाइन्छ । यहि कारणले पहाडीया र मधेशी विच द्वन्द्व पैदा भएको जसको कारण6,000-8,000तराईबाट पहाडी मुलको जनता विस्थापित भएको उल्लेख छ । (PCDN, 2010)।

Miklian (2008) का अनुसार नेपालमा 2006 को अन्त्यतिर माओवादी र सरकार पक्ष बिच शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि 10 वर्ष देखि चलिरहेको गृहयुद्धको अन्त्य भएको थियो । यो देखेर अन्तराष्ट्रिय क्षेत्र चकित थियो । तर शान्ति सम्झौता भएको केहि समय पछि नेपालको तराईमा विभिन्न प्रकारको असन्तुष्टिहरू देखा पर्न थाल्यो । तराईका मधेसी समुदाय, जनजाति अन्य सिमान्तकृत वर्ग, क्षेत्र, लिंग आदिले जुन मुद्धा उठाएर सशस्त्र संघर्षमा सहभागी भएका थिए तर 2006 को शान्ति सम्झौतापछि ती मुद्दाहरूलाई न्यायोचित ढंगले संवोधन नगरिएको ती उत्पीडित वर्ग र समुदायको मुद्धाको वेवास्ता गरेकाले राज्य पक्ष, माओवादी र मधेसी नेताहरू विच ध्रुबिकरण भएको देखिन्छ । त्यसपछि बर्षौदेखि उत्पीडनमा पारिएको मधेसी समुदायहरूको लागि आवाज उठाइ रहेको यस गठवन्धनले पहिचान सहितको अधिकार सम्पन्न स्वायत्त मधेश प्रदेशको मागगरी आन्दोलन गरिरहेको छ । UDMF ले तराईमा बस्ने र तराई बाहिर बस्ने मानिसहरूको पहिचानमा पुनपरिभाषित गरेका छन् । स्थानीय स्तरमा खराब जातीय विभाजन र हिंसा भएकोवाध्यकारी रूपमा असमान जातीय समुदायहरूलाई आफ्नो फाइदाको लागि राजनीति क्षेत्र बनाएको तराईको असन्तुष्टीहरूलाई बर्षै देखि दवाएकाले मधेसी र पहाडी (विशेष काठमाडौं) बिच विरोधाभासपूर्ण सम्बन्ध भएकोले UDMF ले ती समस्या प्रति ध्यानाकर्षण गर्न राजनैतिक हिंसाको प्रयोग गरेको राजनैतिक नेताहरूसँग दुई पटक सम्झौता गरि हस्ताक्षर गरेको तर ती सम्झौताहरूको कार्यान्वयन नगरेको उल्लेख छ ।

आन्तरिक विस्थापनकोसमस्या समाधान गर्न धेरै बिभेदकारी कानुनहरू बिभेदकारी परिमार्जन गर्नु पर्ने stakeholders, NGOs, INGOsसँग आवश्यक मात्रामा छलफल गरी आन्तरिक रूपमा विस्थापित भएकाहरूको समस्या पहिचान गरी उनीहरूको लागि प्रभावकारी programmesअगाडी ल्याई पुनवार्सको व्यवस्था गर्नु आवश्यक देखीन्छ । स्थानीय र अन्तराष्ट्रिय शोधकर्ता विच linkageगराएर मधेशी आन्दोलन र अन्य जातीय आन्दोलनहरूको भविस्यको प्राथमिकता र आवश्यकताबारे अनुसन्धान हुन आवश्यक छ(Khatiwada, 2012)।

## १.२ अवधारणात्मक परिभाषा

सामान्य बोलिचालिको भाषामा विस्थापना भन्नाले एक ठाउँवाट अर्को ठाउँमा वसाई जानुलाई विस्थापन भनिन्छ । नेपालमा आन्तरिक द्वन्द, प्राकृतिक प्रकोप र दुई जातीय समुदाय बिचको तनावको कारणले एक ठाउाबाट अर्को ठाँउमा मानिसहरू विस्थापन भएको पाइन्छ । विस्थापन दुई प्रकारले हुने गर्दछ । आन्तरिक र बाहिय आफनै देशको सिमाना भित्र बसाई सर्नु आन्तरिक विस्थापन हो भने देशको सिमाना पारगरि विस्थापन हुनु बाहिय विस्थापन हो । देश भित्रै बसाई सर्ने समुदायलाई विस्थापित समुदाय भनिन्छ भने देशको सिमा पारगरी विस्थापित हुनेहरूलाई सरणार्थी भनिन्छ । UNHCR(2013) को अनुसार विस्थापन विभिन्न कारणले हुने गर्दछ । जस्तैः

- Armed conflict or situation of generalized violence.
- Natural or human made disasters.
- मानवअधिकारको उल्लंघन

आदिकारणले मानिसहरू विस्थापनहुने उल्लेख छ । armed conflict को समयमा देश संक्रमणकालमा गुज्रिने हुनाले देशको शासन ब्यवस्थाकमजोर हुने गरेको देखिन्छ । त्यसैले यस अवस्थामा वढी मात्रामामानवअधिकारको उल्लंघन हुने गर्दछ । नेपालमा शसस्त्र संघर्ष, प्राकृतिकप्रकोप, दुई समुदायबिचको तनावको कारणले लाखौं मानिसहरू विस्थापितभएको देखिन्छ ।

PCDN(2010)मा प्रकाशीत भए अनुसार हालका वर्षहरूमा नेपालमा पनि जातीय तनाव उत्पन्न भएको तराईमा तराईमुल र पहाडी मुलको जनता दशकौ देखी सँगसँगै वसी

रहकोतर अहिले मधेशी activitiesको अनुसार राजनीति र देशको विकासमा मधेशीलाई सहभागी नगराएको र पहाडीयाहरूले भेदभाव गरेको दावी मधेशी activists ले गरेका छन् । यहि कारणले गर्दा मधेशी र पहाडीया विच conflictसुरु भयो जस्को कारण 6,000देखि8,000पहाडी मुलको जनता तराईबाट विस्थापित भएको थियो ।

Tamang (2009)भन्नु हुन्छ आफु वसीरहेको समुदायमा आफु र आफ्नो परिवार असुरक्षित हुने संभावना वढेर गएको अवस्थामा आफु वसी रहेको समुदाय छोडी देशकै सिमा भित्र वसाई सर्नु नै आन्तरिक विस्थापन हो । मानिसहरू द्वन्द्व र प्राकृतिक प्रकोपको समयमा वढीमात्रामा आन्तरिक विस्थापन हुने गर्दछ ।

Khatiwada (2012)का अनुसार आन्तरिक विस्थापन हुने विभीन्न कारणहरू हुन्छ । दुई सम्प्रदाय विचको अस्तित्व एकदमै फरक र अस्पष्ट भए पछी उनीहरूमा द्वन्द्व उत्पन्न हुन्छ । त्यसैले स्वैच्छिक रूपमा बाध्य भएर वसाई सर्ने गर्दछ । भने कतिपय मानिस शिक्षा र आर्थिक अवसरको खोजीमा वसाई गर्ने गर्दछ । यस्ता जुनसुकै कारणले भए पनि आफु वसीरहेको देशको सीमा भित्र वसाई सर्नु लाई आन्तरिक विस्थापन भएको वताउछन् ।

पहिले बढी मात्रामा दुई देशविचको लडाई, राजनैतिक र धार्मिक कारणले मानिसहरू वढी विस्थापति भएको देखिन्छ । तर वर्तमान समयमा राजनैतिक र धार्मिक कारणको साथै प्राकृतिक प्रकोपको कारणले तिव्ररूपमा मानिसहरू आन्तरिक र वाह्य विस्थापन हुने संख्यामा वृद्धि भएको देखिन्छ ।

Rencart, Stoddard, Haver(2010)का अनुसार हौटीमा भुकम्पबाट 2,00,000मान्छे मारिएको र 3,00,000घरविहिन भएको थियो ।जापानमा आएको भुकम्पबाट 4,00,000भन्दा बढी मानिस विस्थापित भएको थियो(JICA, 2011) । त्यस्तै नेपालमा 2072 वैशाख 12 मा गएको भुकम्पले 18,00,00भन्दा वढीको ज्यान गएको 1,47,000 घाइते भएको र 5,00,000लाख भन्दा बढी विस्थापित भएको थियो (DRR, 2015) । यस्ता विभिन्न आन्तरिक द्वन्द्व र प्राकृतिक प्रकोपको कारणले आफ्नै देशको सिमा भित्र वसाई सर्न नै आन्तरिक विस्थापन हो । देशको सीमा वाहिर विस्थापन हुन्छ भने त्यसलाई शरणार्थी भनिन्छ । यस्ता आन्तरिक द्वन्द्व , प्राकृतिक प्रकोप, शिक्षा र आर्थिक अवसरको खोजीमा जुनसुकै कारणले भए पनि एक ठाउँबाट अर्को ठाउँमा वसाई सर्छ भने

त्यो नै विस्थापन हो ।

## १.३ समस्याको कथन

नेपालमा आन्तरिक द्धन्द, प्राकृतिक प्रकोप र दुई जातीय समुदाय बिचको तनावको कारणले एक ठाँउबाट अर्को ठाँउमा मानिसहरू विस्थापन भएकोपाइन्छ ।Miklian(2008) का अनुसार नेपालमा १९६०-१९९० सम्म पञ्चायती शासन व्यवस्था भएकोले १०० भन्दा बढी अन्य जातजाति र भाषा भाषीहरू बोल्ने समुदायहरूलाई एक राष्ट्र, एक भाषा, धर्म, शिक्षा नेपाली पहिचान आदिको जवरजस्ती आत्मासाथ गर्न बाध्य गराएको उनीहरूको आफ्नो भाषा, धर्म र संस्कृतिलाई ओझेलमा पारेको उल्लेख छ । २०४६ को जनआन्दोलन पछि मधेसी जनजाति, दलित, अन्य सिमान्तकृत वर्ग र समुदायहरूले आफ्नो हक, अधिकार सम्बन्धी स्वतन्त्र रूपमा आवाज उठाउन थालेको देखिन्छ । त्यो भन्दा अगाडी आफ्नो हक अधिकारको सम्बन्धमा स्वतन्त्र रूपमा आवाज उठाउन सक्ने अवस्था थिएन । देशमा बढेको राजनैतिक अविश्वास, अराजकता र युगौ देखीको विभेदर अन्यायपूर्ण पुरानो सामाजिक संरचनालाई भत्काएर समानता र समतामुलक नयाँ सामाजिक संरचना निर्माण गर्ने हेतुले 1996वाट जनयुद्धको शुरुवात माओवादिहरूले गरेको देखिन्छ । जनयुद्धको विस्तारको क्रममा आदिवासी जनजाति, दलित, महिला र अन्य अल्पसंख्यक समुदायको जनयुद्धमा वढी सहभागी भएको थियो । देशको स्रोत साधनमा सदीयौदेखी उच्च पहाडीया जातिको एकात्मक प्रभुत्व भएकोले अन्य जाति र समुदायको अधिकार ओझेलमा परेकाले यस्ता सवै प्रकारको समस्या समाधान गरी सवै नेपाली जनतालाई समान हक अधिकार उपलब्ध गराउने उद्देश्य लिएर माओवादीले पहिचान सहितको संघीय शासन प्रणाली, समानुपातिक निर्माचन प्रणाली, स्थानीय सरकार सवै भाषाको लागी equal treatmentगरी विकेन्द्रिकरणको रणनीति अपनाउने पछाडी परेको जाति, वर्ग, क्षेत्र र अल्पसंख्यक समुदायको लागी सकारात्मक विभेद गर्ने हेतुले जनयुद्धको शुरुवात गरेको बुझिन्छ (Hachhethu, 2003)।

तर 2006 को शान्ति सम्झौता पछि ती मुद्दाहरूलाई न्यायोचित ढंगले संवोधन नगरिएको ती उत्पीडित वर्ग र समुदायको मुद्धाको वेवास्ता गरेकालेशान्ति सम्झौता भएको केहि समय पछि नेपालको तराईमा विभिन्न प्रकारको असन्तुष्टिहरू देखा पर्न थालेको र राज्य पक्ष, माओवादी र मधेसी नेताहरू विच ध्रुविकरण बढेको देखिन्छ (RRT, 2008)।यहि

राजनैतिक कारणले मधेशी र पहाडीमुलको समुदाय बिच तनाव उत्पन्न भएकोले यहि तनावको कारणले पहाडीमुलको जनताहरू तराईबाट विस्थापित हुन परेको उल्लेख गरिएको छ ।

यस्ताजुनसुकै कारणले विस्थापितभएपनि उनीहरूमा सकारात्मकभन्दानकारात्मक असर बढी परेको देखिएको छ । यस्तो अवस्थामाविशेषगरी महिला, बालबालिका,बृद्धबृद्धा र अपांगहरू बढी प्रभावितहुने गर्दछ । यस अध्ययनमाखासगरी मधेशी र पहाडीया दुई समुदायबिचको तनावले गर्दा तराईबाट विस्थापितभएका पहाडी समुदायको अध्ययनगर्ने प्रयत्नगरिएको छ ।

- के कारणले विस्थापितहुनवाध्यहुनु पऱ्यो ?
- विस्थापितभए पछि के कस्तो प्रकारको संघर्ष गर्नु पऱ्यो ?
- विस्थापित भएपछिआर्थिक पक्षमा कस्तो असर पऱ्यो ?

आदिबारे जानकारी प्राप्तगर्न अध्ययन गर्नु आवश्यक देखिन्छ । PCDN(2010)मा उल्लेख अनुसार यसरी विस्थापित भएकाहरूको आधारभुत आवश्यकता पुरा हुन सकिरहेको छैन । उनीहरूलाई आवश्यक सीप र रोजगार उपलब्ध हुन सकिरहेको छैन । यस्तो अबस्थामा महिला तथाबालवालिकाहरू वढी कमजोर देखिन्छ । यिनीहरूलाई रस्टुरेन्ट, डान्सवार र मसाज पालरमा प्रयोग गरेको पाइन्छ । धेरै बालबालिक राजधानी र अन्य शहरको वरिपिर उनीहरू बाबा, आमा र आफन्तहरूसँग छरिएर रहेको पाइन्छ । उनीहरूले पर्याप्त खान लाउन पाएका छैनन् ।उनीहरूले अभावमा कस्टकर जीवन यापन गर्न वाध्य हुन परेको छ । त्यसैले यस्ता विविध समस्याहरूको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुल उद्देश्य माओवादी संघर्षको समाप्तीपछि २००७ तिर तराईवाट पहाडी मुलको जनता विस्थापित भएको विस्थापित भए पछी उनीहरूको शिक्षा, स्वास्थ्य, अर्थ नाता सम्बन्ध जस्ता विविध पक्षमा परेको असरहरूको विश्लेषण गर्नु रहेको छ ।

- द्वन्द्वको समयमा विस्थापन हुन पर्ने मुख्य कारणहरू पत्ता लगाउने ।

- उनीहरू विस्थापन भए पछी गरेका संघर्षहरूको विश्लेषण गर्ने ।
- विस्थापित भए पछि उनीहरूको आर्थिक क्षेत्रमा परेको असरहरूको विश्लेषण गर्ने ।

## १.५ अध्ययनको महत्व

नेपालमाarmed conflict, प्राकृतिक प्रकोपको कारणले मानिस विस्थापित भएको पाइन्छ । यसले देशको समग्र पक्षमा प्रभाव पारिरहेको छ । २००७ देखि मधेशीहरूले पहिचानको मुद्दा सशक्तरूपमा उठाउन सुरु गरेकोले नेपालको दक्षिणी भागको मध्य तराईमा हिंसात्मक आपराधिक गतिविधिमा परिवर्तन आएको देखिन्छ (Global overview, 2014)। यहि राजनैतिक कारणले मधेशी र पहाडीया बिच तनाव उत्पन्न भएकोले त्यहाँको सशस्त्र समुहहरूले पहाडी मुलको समुदायमा विभिन्न प्रकारको हिंसात्मक गतिविधि बढाएको कारणले वाध्यभएर हजारौं पहाडीमूलको जनता विस्थापित भएको पाइन्छ । राज्यपक्षले यी शसस्त्र समुहहरूको हिंसात्मक गतिविधि नियन्त्रण गरी पहाडी समुदायको सुरक्षा गरेको देखिदैन । उनीहरूशान्ति सुरक्षाको अभावमा विस्थापित हुन वाध्य भएको विस्थापित भए पछि पनि खाद्यान्न र आबासको व्यवस्था गरेको पाइदैन ।

अहिले माओवादी द्वन्द्वको अन्त्य भएर पनि कतिपय विस्थापितहरू पुन स्थापित हुन सकिरहेको छैन । किन पहिलेको वास स्थान र समुदायमा शान्ति प्रकृयापछि पनिपुन स्थापित हुन सकिरहेको छैन । अर्को तिर सरकारले पनि व्यवस्थीत गर्ने तर्फ चासो दिएको देखीदैन । यस अध्ययनवाट विस्थापितहरूको वास्तविक समस्यालाई वाहिर ल्याउने प्रयत्न गरिएको छ । अध्ययन को महत्वलाई वुदागत रूपमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

- यस अध्ययनवाट विस्थापितहरूको विभीन्न समस्याहरूको कारण वुझ्न सहयोग पुग्ने छ ।
- विस्थापितहरूको अवस्थावारे जानकारी हुने छ ।
- विस्थापितहरूको समस्याको प्रकृतिबारे जानकारी हुने छ ।
- विस्थापितहरूको लागी सरकारी गैर सरकारी क्षेत्रवाट कस्तो खालको कार्यक्रम संचालन हुने गरेको छ । त्यस बारे जानकारी हुने छ ।
- विस्थापितहरूको समस्या कम गर्ने उपाय पत्ता लगाउन सकिने छ ।

## १.६ अध्ययनको संगठन

अध्याय एकमा परिचय शीर्षक अन्तर्गत १.१ मा अध्ययनको पृष्ठभूमी र विभिन्न संघसंस्थाबाट प्रकाशित र विभिन्न संघसंस्थाबाट प्रकाशित भएका पत्रपत्रिका तथा लेख रचनामा उल्लेख गरिएका विस्थापनसँग सम्बन्धित परिभाषा समेटिएको छ । त्यसैगरी १.२ मा अवधारणात्मक परिभाषा, १.३ मा समस्याको कथन, १.४ मा अध्ययनको उद्देश्यहरू, १.५ मा अध्ययनको महत्व, १.६ मा अध्ययनको संगठन सम्बन्धी जानकारी दिइएको छ ।

अध्याय दुईमा साहित्यको पुनरावलोकन शीर्षक अन्तर्गत २.१ मा विस्थापनसँग सम्बन्धित लेख रचनाहरूको समिक्षा, २.२ विस्थापनसँग सम्बन्धित अवधारणा,रहेको छ ।

अध्याय तीनको अनुसन्धान पद्धती शीर्षक अन्तर्गतको ३.१ मा अध्ययन क्षेत्र छनोटको औचित्य, ३.२ मा अनुसन्धानको ढाँचा, ३.३ मा नमुनाको आधार र नमुना छनौट, ३.४ तथ्यांकको प्रकृति र स्रोतहरू, ३.५ मा तथ्यांक संकलनको तरिकाहरू, ३.५.१ प्राथमिक स्ोतहरू, ३.५.१.१ मा अन्तरवार्ता, ३.५.२.२ मा अवलोकन, ३.५.१.३ प्रश्नावली, ३.५.२ द्धितीय स्रोत, ३.६ तथ्यांकको विश्लेषण, ३.७ अध्ययनको सीमा सम्बन्धि जानकारी दिइएको छ ।

अध्याय चारको खण्ड ४.१ मा अध्ययन क्षेत्रको भौगोलिक विवरण, ४.२ मा सुनसरी जिल्लाको सामान्य परिचय, ४.३ मा सुनसरी जिल्लाको सामान्य परिचय, ४.३ मा भरौल गा.वि.स. सम्बन्धी सामान्य चर्चा गरिएको छ । त्यस्तैगरर्ी ४.३.१ मा विस्थापित भएर आएका मानिसहरूको सामाजिक पृष्ठभूमी ४.३.१.१ उमेर र लिंगको आधारमा उत्तरदाताको विवरण, ४.३.१.२ मा जात र पेशाको आधारमा उत्तरदाताको विवरण, ४.३.१.३ मा पेशा र शिक्षाको आधारमा उत्तरदाताको विवरण, ४.३.१.४ धर्म र जातजातिको आधारमा उत्तरदाताको विवरण आदिको विभिन्न तालिका प्रस्तुत गरिएको छ भने ४.४ मा विस्थापनको कारणहरू, ४.५ मा विस्थापितहरूलाई प्रेरित गर्ने तत्वहरू ४.६ मा विस्थापन प्रकृयामा निर्णयकर्ता, ४.७ मा विस्थापन पछिको संघर्ष आदि अध्याय चारमा चर्चा गरिएको छ ।

अध्याय पाँचमा विस्थापितहरूको आर्थिक अवस्था वा विशेषता शिर्षक अन्तर्गत खण्ड ५.१ मा आम्दानीको मुख्य स्रोत, खण्ड ५.१.१ मा उत्तरदाताको पूर्व आम्दानीको स्ोत खण्ड ५.१.२ मा विस्थापित भए पछि उत्तरदाताको मुख्य आम्दानीको स्रोत, खण्ड ५.२ आम्दानीको

अवस्था, खण्ड ५.३ मा आम्दानी र खर्चको अवस्था ५.४ जग्गा जमिनको अवस्था खण्ड, ५.५ मा भौतिक सुविधा, ५.६ विस्थापनले आर्थिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी जानकारी दिइएको छ ।

अध्याय छ मा सारांश तथा निष्कर्ष शिर्षक अन्तर्गत खण्ड ६.१ मा सारांश र ६.२ मा निष्कर्ष सम्बन्धी उल्लेख गरिएको छ ।

# अध्ययन दुई

# साहित्यको पुनरावलोकन

## २.१ विस्थापनसँग सम्बन्धित लेख रचनाहरूको समिक्षा

यस अध्ययनसंग सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरूको समीक्षा यो अध्ययनमा गरिएको छ । यसै क्रममा आन्तरिक विस्थापनसंग सम्बन्धित विभिन्न संघसस्थावाट प्रकाशीत प्रतिवेदनहरूको अध्ययन गरिएको छ । Cold warको अन्त्य भए पछि नयाँ प्रकारको आन्तरिक द्वन्द्वले तिव्रता लियो ।द्वन्द्वको मुख्य कारण जातीय, धार्मिक र पहिचानको मुद्दा थियो । यो मुद्दा जतातती उठ्न थाल्यो । जसको कारण दुई सम्प्रदाय विच द्वन्द्व हुने जतातती आन्दोलन हुने आदी कारणले गर्दा जतातती आन्तरिक विस्थापन हुने जनसङ्ख्यातिव्ररूपमा वढेको यहि कारणले गर्दा अहिले अन्तराष्ट्रिय समुदाय, अमेरिका, संयुक्त राष्ट्र ऐजेन्सी, अन्तराष्ट्रिय सरकारी वा गैर सरकारी संगठनहरूको ध्यान जनसंख्या विस्थापन तिर केन्द्रित भएको पाइन्छ । द्वन्द्वको मुख्य कारण political and religiousथियौ (Hickel, 2001) ।

आन्तरिक विस्थापन विश्वको मुख्य समस्या वनेको छ । विश्वमा प्रत्येक वर्ष 25देखी 50 लाख मानिस विस्थापन हुने गर्दछ । आन्तरिक विस्थापन भन्नाले आफु बसीरहेकोसमुदायमा आफु र आफ्नो परिवारको सदस्यहरू असुरक्षित हुने संभावना वढेमा आफु वसीरहेको देशको सीमा भित्रै स्थायी वा अस्थायी रूपमा वसाई सर्ने गर्दछ । यसरी वसाई सर्नुलाई आन्तरिक विस्थापन भनिन्छ । आन्तरिक विस्थापन प्राकृतिक प्रकोप र मानव निर्मीत प्रकोपको कारणले विस्थापन हुने गर्दछ । नेपालमा armed conflictको समयमा 2,00,000भन्दा वढी मानिस आन्तरिक रूपमा विस्थापन भएको थियो (Tamang,2009)।

आन्तरिकरूपमा विस्थापन हुने अन्य विभीन्न कारण पनि पाउन सकिन्छ । शिक्षा, आर्थीक अवसर आदीको खोजीमा पनि आफु वसीरहेको समुदाय छेडी विस्थापन हुने गर्दछ । गाउँवाट शहरमा स्थायी वा अस्थायी रूपमा विस्थापन भएको पाउन सकिन्छ (khatiwada, 2014)।

नेपालमा माओवादी armed conflict 1996देखी 2006सम्म करीव १० वर्ष चलेको थियो । यो समयमा २,००,००० भन्दा वढी जनता विस्थापित भएको थियो । विस्थापित हुनेहरूमा गा.वि.स अध्यक्ष, शिक्षक सरकार पक्षको राजनैतिक कार्यकर्ता र युवाहरू थिए । यिनिहरूलाई माओवादी संघर्षको समयमा सरकार पक्षको supportगरेको आरोप विद्रोही पक्षले लगाएर विभिन्न प्रकारको यातना दिने हत्या गर्ने गरेकाले असुरक्षित भएको महशुस गरी आफु बसीरहेको समुदाय छोडी आन्तरिक रूपमा विस्थापित भएको थियो । माओवादीले आफ्नो राजनैतिक शक्ति विस्तार गर्ने क्रममा प्रत्येक घरवाट एक जना उनीहरू संगै सहभागी हुन वाध्य गराएको र स्थानीय सरकार नस्ट गर्दै जन सरकार स्थापन गर्दै अगाडी वढेको थियो (Shakya,2006)।

Hachnethu (2007) का अनुसार तराईको २० जिल्लामा पहाडी मुलको ३६ प्रतिशत मानिस रहेको छ । सरकारले एकिकृत योजनाको आत्मासाथ गरेर पहाडीमुलको मानिसहरूलाई तराईमा बसाई सर्न प्रोत्साहन गरेर पहाडी संस्कृति र राजनैतिक प्रमुख तराईमा स्थापित गरेको तराईको मुख्य दुई प्राकृतिक स्रोत वन र भुमी अधिकरण गरी पहाडी समुदायमा वितरण गरेको त्यस्तै गरी १९५० पछि पहाडीय कुलीन वर्गहरूलाई एवं सेवा गरेवापत तराईमा भुमी दिएर बसाई सर्न प्रोत्साहन गरेको देखिएको छ । राज्य पक्षले यस्तो प्रकारको पहाडी समुदायलाई फाइदा पुग्ने खालको नीति अवलम्बन गरेर रैथाने मधेसी समुदायहरूले परापूर्वकालदेखि भोगी आएको वन भुमिको अतिक्रमणको साथै नेपाली भाषा र संस्कृतिको विस्तार गरेको त्यहाँको रैथाने समुदायको भाषा र संस्कृति ओझेलमा पारिएको त्यहाँको मधेसी समुदायको आरोप छ ।

Global overview (2014) काअनुसार २००७ देखि नेपालको दक्षिणी भागको मध्य तराईमा आपराधिक हिंसाहरूमा परिवर्तन आएको मधेसिहरूले पहिचानको आवाज उठाउने क्रममा तराईबाट पहाडीमुलको हजारौं मानिस विस्थापित भएको उल्लेख छ ।त्यसैगरी नेपालमा पनि जनयुद्धको समयमा, २०७२ को महाभुकम्पमा र २०६२/६३ को आन्दोलन समाप्त भएपछि पनि पहाडीया र मधेशीबिच तनाव उत्पन्न भएर तराईबाट पहाडी मुलको मानिस विस्थापित भएकोदेखिन्छ ।

## २.२ विस्थापनसँग सम्बन्धित अवधारणा

Miklian (2008) का अनुसार नेपालमा १९६०-१९९० सम्म पञ्चायती शासन व्यवस्था भएकोले १०० भन्दा बढी अन्य जातजाति र भाषा भाषीहरू बोल्ने समुदायहरूलाई एक राष्ट्र, एक भाषा, धर्म, शिक्षा नेपाली पहिचान आदिको जवरजस्ती आत्मासाथ गर्न बाध्य गराएको उनीहरूको आफ्नो भाषा, धर्म र संस्कृतिलाई ओझलमा पारेको उल्लेख छ । २०४६ को जनआन्दोलन पछि मधेसी जनजाति, दलित, अन्य सिमान्तकृत वर्ग र समुदायहरूले आफ्नो हक, अधिकार सम्बन्धी स्वतन्त्र रूपमा आवाज उठाउन थालेको देखिन्छ ।

देशमा बढेको राजनैतिक अविश्वास, अराजकता र युगौ देखीको विभेद र अन्यायपूर्ण पुरानो सामाजिक संरचनालाई भत्काएर समानता र समतामुलक नयाँ सामाजिक संरचना निर्माण गर्ने हेतुले 1996वाट जनयुद्धको शुरुवात माओवादिहरूले गरेको देखीन्छ । जनयुद्धको विस्तारको क्रममा आदिवासी जनजाति, दलित, महिला र अन्य अल्पसंख्यक समुदायको जनयुद्धमा वढी सहभागी भएको थियो । देशको स्रोत साधनमा सदीयौदेखी उच्च पहाडीया जातिको एकात्मक प्रभुत्व भएकोले अन्य जाति र समुदायको अधिकार ओझेलमा परेकाले यस्ता सवै प्रकारको समस्या समाधान गरी सवै नेपाली जनतालाई समान हक अधिकार उपलब्ध गराउने उद्देश्य लिएर माओवादीले क्षेत्रीय र जातीय स्वशासन सहितको संघीय शासन प्रणाली, समानुपातिक निर्माचन प्रणाली, स्थानीय सरकार सवै भाषाको लागी equal treatmentगरी विकेन्द्रिकरणको रणनीति अपनाउने पछाडी परेको जाति, वर्ग, क्षेत्र र अल्पसंख्यक समुदायको लागी सकारात्मक विभेद गर्ने हेतुले जनयुद्धको शुरुवात गरेको वुझिन्छ (Hachhethu, 2003)।

तर नेपालमा 2006 को अन्त्यतिर माओवादी र सरकार पक्ष बिच शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि 10 वर्ष देखि चलिरहेको गृहयुद्धको अन्त्य भएको थियो । तर शान्ति सम्झौता भएको केहि समय पछी नेपालको तराईमा विभिन्न प्रकारको असन्तुष्टिहरू देखा पर्न थाल्यो । तराईका मधेसी समुदाय, जनजाती अन्य सिमान्तकृत वर्ग, क्षेत्र, लिंग आदिले जुन मुद्धा उठाएर सशस्त्र संघर्षमा सहभागी भएका थिए तर 2006 को शान्ति सम्झौता पछी ती मुद्दाहरूलाई न्यायोचित ढंगले संवोधन नगरिएको ती उत्पीडित वर्ग र समुदायको मुद्धाको वेवास्ता गरेकाले राज्य पक्ष, माओवादी र मधेसी नेताहरू विच ध्रुविकरण बढेको देखिन्छ । त्यसपछीUDMF ले बर्षौदेखि उत्पीडनमा पारिएको मधेसी समुदायहरूको लागि आवाज उठाइ रहेको यस गठवन्धनले पहिचान सहितको अधिकार स्वायत्त शासन

सम्पन्न मधेश प्रदेशको मागगरीआन्दोलन गरिरहेको छ ।तराईमा बस्ने मधेशी समुदाय र तराई बाहिर बस्ने मानिसहरूको पहिचानमा पुनपरिभाषित गरेका छन् । स्थानीय स्तरमा खराब जातीय विभाजन र हिंसा भएको बाध्यकारी रूपमा असमान जातीय समुदायहरूलाई आफ्नो फाइदाको लागि राजनीति क्षेत्र बनाएको तराईको असन्तुष्टीहरूलाई बर्षौं देखि दवाएकाले मधेसी र पहाडी (विशेष काठमाडौं) बिच विरोधाभासपूर्ण सम्बन्ध भएकोले UDMF ले ती समस्या प्रति ध्यानाकर्षण गर्न राजनैतिक हिंसाको प्रयोग गरेको राजनैतिक नेताहरूसँग दुई पटक सम्झौता गरि हस्ताक्षर गरेको तर ती सम्झौताहरूको कार्यान्वयन नगरेको उल्लेख छ(Miklian, 2008) ।

नेपालमा हालका वर्षहरूमा जातीय तनावहरू उत्पन्न भएकालेतराईमा पहाडी मुल र तराई मुलको जनता पाँच दशक भन्दा पहिला देखी सगै वस्दै आएको तर अहिले आएर मधेशी र पहाडीयाविच तनाव उत्पन्न भएको र मधेशी नेताहरूले पहाडीयाहरूले राजनीति र देश विकासमा सहभागी नगराएको भेदभाव गरेको आरोप लगाएको देखिन्छ ।यसअध्ययनमा विस्थापित भएर आएका भरौल गा.वि.स.को विस्थापित समुदायकोविस्थापनको कारण र अर्थमा के कस्तो परिवर्तन आएको छ ।भन्ने विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।

# अध्याय – तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

1996देखी 2006 सम्म भएको माओवादी सशस्त्र संघर्षको अन्त्यपछि पनितराईको बिभिन्न स्थानबाटपहाडीमुलको जनताआन्तरिक रूपमा विस्थापन भएको थियो ।Global overview ( 2014)माउल्लेख भएअनुसार नेपालमा 2007 देखि मध्ये तराईमा छुट्टै खालको हिंसात्मक आपराधिक घटनाहरूको सुरुवातभएको उल्लेख छ । यस लेखमा उल्लेख भएअनुसार मधेशी र पहाडी समुदाय बिचको बेमेलको कारणले तराईबाट पहाडी मुलको हजारौं मानिसहरू विस्थापित भएको उल्लेख छ । हरिपुरगा.वि.स.बाटभरौल गा.वि.स.माविस्थापित पहाडीमुलको एकविस्थापित समुदायको विस्थापन कारण र अर्थपरेको असरमा केन्द्रित रहेर यसलाई नै अध्ययन कर्ताले छनौट गर्नुको कारणहरू निम्न रहेको छ ।

- अध्ययन कर्ता यस क्षेत्रसंग परिचित भएकोले ।
- विस्थापितहरूको अर्थिकमा क्षेत्रमा के-कस्तो परिवर्तन आयो । सोको अध्ययन गर्ने रुची भएकोले ।
- समय, अर्थ, सुचना सङ्कलन तथा अन्य जटिलतालाई मध्यनजर गर्दा अध्ययन कर्ताको पहुँच योग्यभएकोले ।

### ३.२ अनुसन्धानको ढाँचा

यस शोधपत्रको लागी वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरीएको छ ।विस्थापनकाकारण र उनीहरूको अर्थमा परेको असरको अन्वेषणान्मक विधि प्रयोग गरीगरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा व्याख्या गरी निष्कर्ष निकालिएको छ । विस्थापितहरूको शिक्षा, स्वास्थ्य र अर्थको वारेमा वर्णन गरिएको छ । भने अन्वेषणात्मक विधिवाट विस्थापितहरूको अर्थमा परेको असर र परिवर्तनमा अन्वेषण गरिएको छ ।

### ३.३ नमुनाको आधार र नमुना छनौट

भरौल गा.वि.स. वा.नं.३ मा विस्थापित एक समुदाय वसोवास गरिरहेका छन् । यस समुदायमा14घरधुरीमा 70 जनसंख्या रहेको छ । नमुनाको रूपमा 70 जनसंख्यावाट एक

तिहाई अर्थात 23 कोसंख्यामा संभावना वरावर रहने गरी चिट्ठा प्रणाली विधिद्धारा नमुना लिइएको छ। अन्तवार्ताको लागी घर मुलिलाई लिएको छ र घरमुली नभएको अवस्थामा सो घर परिवारका अन्य जानकार सदस्यवाट पनि लिइएको छ।अन्तवार्तामा 14 घरधुरीवाट 14 जना 6 वृद्ध वृद्धा र 3 वालवालीका गरी23 जनासँग अन्तवार्ता लिइएको ंछ।

### ३.४ तथ्याङ्कका प्रकृति र स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितिय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वाता, अवलोकेन, प्रश्नावली, समुह छलफल, प्रत्यक्ष भेटघाट, कुराकानी,आदिबाट अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.५ तथ्याङ्क संकलनको तरिकाहरू (साधनहरू)

कुनै पनि अध्ययन अनुसन्धान गर्दा तथ्याङ्क संकलन गर्नु अनिवार्य र अति आवशयक हुन्छ । जुन विभिन्न विधि र तरिकाहरू प्रयोग गरी संकलन गरिएको छ । नमुना छनौट विधिबाट नमुना लिइसकेपछि त्यो नमुना एउटा entity हुन्छ र त्यो गुण वा विशेषता नै तथ्याङ्क हो । त्यसैले entityयस शोध कार्यमा अनुसन्धानकर्ता स्वयं आफैले स्थलगत अध्ययन गरि निम्न तथ्यांक संकलन विधिहरू प्रयोगगरी तथ्यांक संकलन गरिएको छ।

#### ३.५.१ प्राथमिक स्रोतहरू

##### ३.५.१.१ अन्तर्वाता

अन्तर्वार्ता तथ्यांक संकलनको लागि प्रभावकारी विधिको रूपमा लिइन्छ । अनुसन्धानकर्ता र उत्तरदाताबीच प्रत्यक्ष अन्तर्क्रियाबाट सुचना संकलन गर्ने विधि नै अन्तवार्ता हो । अन्तर्वार्ता विधिको माध्यमबाट नमुना छनौटमा परेका घर परिवारको घरमुलीसँग र घरमुली नभएको खण्डमा परिवारको अन्य जनाकार सदस्यसंग अन्तवार्तागरी उनीहरूको अर्थ नाता सम्बन्धमा परेको असर र परिवर्तन सम्बन्धित पक्षको बारेमा तथ्याङ्क सङ्कलन गरिएको छ।

##### ३.५.१.२ अवलोकन

आफुले अनुसन्धान गर्न खोजेको विषयमा सत्य तथ्य ल्याउनको लागि अवलोकन विधि प्रभावकारी मानिन्छ । अनुसन्धानकर्ताले आफुले अनुसन्धान गर्न खोजेको विषयसँग सम्बन्धित घटनालाई सही ढङ्गले हेर्न सक्नु र अनुभुती गर्न सक्नुलाई अवलोकन भनिन्छ।

सहभागीतात्मक अवलोकन पद्धती अनुसारअनुसन्धान कर्ताले विस्थापित समुदायमा गई त्यस समुदायका मानिसहरूसँग घुलमिल भई उनीहरूको मन जित्ने प्रयत्न गरिएको र त्यसपछि सम्बन्धित विषयमा केन्द्रित भई जानकारी ले काम भएको छ । यस प्रकार स्थलगत अध्ययनबाट प्राथमिक स्तरको तथयांक लिएको छ । आफुले अनुसन्धान गर्ने समुदायमा गई उनीहरूको कृयाकलापको प्रत्यक्ष रूपमा अवलोकन गरिएको छ ।

### ३.५.१.३ प्रश्नावली

अनुसन्धान प्रक्रियामा तयार पारिएको विभिन्न प्रकारको सूचिबद्ध प्रश्नलाई उत्रदाता समक्ष पुऱ्याई आवश्यक सूचना संकलन गर्ने विधि नै प्रश्नावली हो । यस विधिद्वारा विस्थापित समुदायमा गई उनीहरूको अर्थिक पक्ष र नाता सम्बन्ध सम्बन्धी प्रश्नलाई नमुनामा परेको घर वा व्यक्तिसँग सूचना संकलन गरिएको छ ।

### ३.५.२ द्वितिय स्रोत

यस शोधपत्रको अध्ययन गर्दा प्राथमिक स्रोतको साथै द्वितिय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । आन्तरिक विस्थापनसँग सम्बन्धित स्वदेशी तथा विदेशी लेखकको लेख, पुस्तक, रचना, पत्रपत्रिका, शोधपत्र, प्रतिवेदन, केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क, जिल्ला विकास समिति र गा.वि.स.बाट प्राप्त तथ्याङ्क आदी द्वितिय स्रोतको रूपमा लिइएको छ ।

## ३.६ अध्ययनको सिमा

वृहतरूपमा अध्ययन अनुसन्धान गर्दा लामो समयको साथै स्रोत साधनको वढी आवश्यक पर्छ । समग्र पक्षलाई दृष्टीगत गर्दा प्रत्येक अनुसन्धानको अध्ययनलाई सिमावद्ध गर्नु पर्ने हुन्छ । यो अध्ययन अनुसन्धान खासगरी मानविकी सङ्कायको समाजशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नु पर्ने भएकाले समय स्रोत साधन र जनशक्तिको आवश्यकतालाई मध्यनजर राख्दै यस अध्ययनलाई निम्न सिमाहरूमा सिमीत गरिएको छ ।

- यस अनुसन्धान सुनसरी जिल्ला, भरौल गा.वि.स वडा नं. ३ को विस्थापितको मात्र अध्ययन गरिएको छ ।


- यस अध्ययनमा विस्थापितहरूको अर्थमा कस्तो परिवर्तन आएको छ । त्यो विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।
- यो अध्ययन समाजशास्त्र स्नातकोत्तर तहको आंशिक कार्य परिपूर्ती गर्न तयार गरिएको हो ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सामाजिक पृष्ठभूमी र विस्थापनको कारण

## ४.१ अध्ययन क्षेत्रको भौगोलिक विवरण

नेपालकोमानचित्रमा सुनसरी अक्षांस २६०°२३" उत्तरदेखि २६०°५५" उत्तरसम्म र देशान्तर ८७०°५" पूर्व देखि ८७०°१६" पूर्वसम्म रहेको छ । यो पूर्वाअञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा पर्छ । यो १२५६ वर्ग कि.मी. क्षेत्रफलमा रहेको छ । यो जिल्लाको भु-धरातल समुन्द्र सतहबाट न्यूनतम १५२ मिटरदेखि अधिकतम ९१४ मिटर उचाईमा रहेको छ । सुनसरीको पूर्वमा मोरङ जिल्ला पश्चिममा सप्तरी र उदयपुर जिल्ला उत्तरमा धनकुटा, भेरेटार र दक्षिणमा विदार राज्य पर्छ ((Nepali Wikipedia, 2011) । जिल्ला भित्रका नदी खोलानाला, पहाड र बाटोहरूले भौगोलिक सिमाना छुटठ्याउने काम गरेको छ ।



## ४.२ सुनसरी जिल्लाको सामान्य परिचय

सुनरी पूर्वाञ्चल विकाश क्षेत्रको कोशी अञ्चलमा रहेको अत्यधिक जनघनत्व भएको जिल्ला हो । यसको १२५६ वर्ग कि.मी. क्षेफल रहेको छ । २०६८ को जनगणना अनुसार ७६३४८७ मानिसहरूको बसोबाससुनसरीमा रहेको छ । जसमा पुरुषको संख्या ३७१२२९ र महिलाको संख्या ३९२२५८ रहेको छ । सुनसरीमा ४९ गा.वि.स., २ उपनगरपालिका र एक नगरपालिका रहेको छ । यो जिल्ला महाभारत पर्वत श्रृंखला, चारकोसे जंगल र तराईको उर्वर भाग मिलेर बनेको छ । यहाँ सप्तकोशी, कोकादा सुनसरी, बुढी,सेउती जस्ता ठूला साना नदी नालाहरू रहेको छ भने बराहक्षेत्र, दन्तकालि, पिण्डेश्वर, वुढासुब्बा, रामधुनी, विष्णुपादुका चतरा धाम आदि धार्मिक स्थलहरू रहेको छ । सुनसरीको अधिकांश भाग तराई पर्ने भएकोले यहाँको मुख्य पेशा कृषी हो । यहाँको मुख्य वाली धान गहुँ, दलहन, तेलहन पछि, उखु, जुट र सुर्ती पनि यहाँ उत्पादन हुने गर्दछ ।यस जिल्लामा मुख्य तया राई, लिम्बु, वाहुन, क्षेत्री, थारु, दलित आदि जाति जनजाति बसोबास गरेको पाइन्छ (Neapli Wikipedia, 2011)।

## ४.३ भरौल गा.वि.स.

यो गा.वि.स. धरान देखि दक्षिण चारकोषे जंगल नजिक रहेको छ । २०६८ को जनगणना अनुसार यस गा.वि.स. मा जम्मा जनसंख्या १९४६६ रहेको छ । जसमा पुरुषको संख्या ८९४७ रहेको छ भने महिलाको संख्या १०५१९ रहेको छ । यस गा.वि.स. मा राई लिम्बु, बाहुन, क्षेत्री, तामाङ्ग, मगर, दलित, थारु आदि जाति जनजाति बसोबास गरेको पाइन्छ । यहाँको मुख्य पेशा कृषि र मुख्य बाली धान रहेको छ ।

### ४.३.१ विस्थापित भएर आएका मानिसहरूको सामाजिक पृष्ठभूमी

विशेषगरी मानिसहरू आन्तरिकद्वन्द्व प्राकृतिक प्रकोप दुई भिन्न समुदाय बिचको तनाव आदिको कारणले मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा विस्थापित हुने गर्दछ । नेपालमा माओवादी संघर्षको समय २ लाख देखि ४ लाखसम्म मानिसहरू स्थायी र अस्थायी रूपमा विस्थापित भएको देखिन्छ (PCDN, 2010) ।त्यसैगरी नेपालमा २०७२ वैशाक १२ गते गएको भुकम्पको कारण ५ लाखभन्दा बढी विस्थापित भएको थियो (DRR, 2015)।

माओवादी संघर्षको अन्त्यपछि अर्थात २०६२/६३ को जनआन्दोलनपछिजातीय मुद्दाहरू बढी मात्रामा उठेको देखिएको छ । Madhesi activists को अनुसार राजनीति र देश विकासमा मधेशीहरलाई सहभागी नगराएको पहाडीयाहरूले भेदभाव गर्ने गरेको आरोप मधेशीहरूको छ । यहि कारणले गर्दा मधेशी र पहाडीया जनता बिच तनाव सुर भएकोले ६ हजार देख ८ हजार पहाडि मुलको जनता तराईबाट विस्थापित भएकोपाइन्छ (PCDN, 2010)। तराईमा ६३ प्रतिशत भन्दाम बढी मधेशी समुदाय रहेको ३६प्रतिशतअन्य पहाडी भएको तर पहाडीयाहरूले वहुसंख्याक मधेशीहरूलाई वहिष्करण र भेदभाव गरेको भारतीय मुलको रूपमा परिभाषीत गरेको स्थानीय र राष्ट्रिय सरकारमा सहभागी नगराएको नेपाली नागरीक दिदा भेदभाव गरेको आदि आरोप Madhesi activists को छ । यहि राजनैतिक कारणले पहाडी मुदाय र मधेसी समुदाय बिचमा तनाव उत्पन्न भएको देखिन्छ । मधेशी मुक्ती टाईगर्स, तराईवाघी जस्ता शसस्त्र समुहहरू सकृय रहेकोयिनीहरूको हिंसात्मक गतिवधिका कारण तराईबाट पहाडीमुलको जनता विस्थापित भएको देखिन्छ ।

यस अध्ययनमा २०६२/६३ को जनआन्दोलन पछि मधेशी मुदाय र पहाडे मुदाय बिच तनाव उत्पन्न भएकोले सुनसरीको मधेशी समुदायको वाहुल्यता भएको हरिपुर गा.वि.स. बाट सुनसरीकै भरौल गा.वि.स. माकक पहाडी समुदायको मानिस विस्थापित भएको यी विस्तापित समुदायको लिंग, उमेर, जात, पेशा, शिक्षा र धर्मको चर्चा गरिएको छ । यहाँ के कस्ता कारणले विस्थापित हुन गएको हो भन्ने उल्लेख गरिएको छ ।

### ४.३.१.१ उमेर र लिंगको आधारमा उत्तरदाताको विवरण

उमेर र लिंगको संरचनालाई जनसंख्याको पिरामिड पनि भनिन्छ । यो संरचना अर्था पिरीड जनसंख्याको उमेर र लिंगकोवनावट देखाउने ग्राफ हो । यो वनावटले जनसंखयामा पर्ने प्रभावको भविस्यवाणी गर्दछ । उदाहरणको लागि जनसंख्या पिरामिडमा १० देखि १९ उमेर समुहकाले एक खालको उत्भावना देखाउछ भने उनीहरूको उमेर वृद्विसँगै उनीहरूले देखाउने उत्भावनाहरू पनि स्वतस्फुर्त रूपमा परिवर्तन हुँदै जाने गर्दछ (Agripedia website, 2015)।

हरेक समुदायको मानिसहरूको उमेरले उनीहरूको शरीरको अवस्था जिम्मेवारी र उत्तरदायित्वलाई बुझाउदछ । उनीहरूको उमेर र लिंग अनुसार जिम्मेवारी र उत्तरदायित्व पनि फरक हुने गर्दछ ।

**तालिका नं. १**

**उमेर र लिंगको आधारमा उत्तरदाताको विवरण**

| क.सं. | उमेर समुह | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-१५ | २ | ८.६९ | - | - |
| २ | १६-५९ | ७ | ३०.३४ | १२ | ५२.१७ |
| ३ | ६० भन्दा माथि | १ | ४.३४ | १ | ४.३४ |
| जम्मा | | १० | ४३.४६ | १३ | ५६.५१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तलिका १ मा सबैभन्दा बढी १६ देखि ५९ वर्ष उमेर समुहको रहेको छ । यहाँ जम्मा २३ उत्तरदाता मध्ये महिलाको संख्या १० र पुरुषको संख्या १३ रहेको छ । यहाँ महिला भन्दा पुरुष १३.०५ प्रतिशत बढी सहभागी छ । नेपालको २०६८ को जनगणना अनुसार महिला ५१.५ प्रतिशत र पुरुष ४८.५ प्रतिशत रहेको छ । यस तथ्यांक अनुसार महिलाको संख्या पुरुषको भन्दा ३ प्रतिशत बढी देखिन्छ । यहाँ विस्थापित भएर आउनेहरू सबै उमेर समुहका छन् । उनीहरू मधेशी मुक्ती टाईगर समुहको कारणले विस्थापित भएको बुझिएको छ ।

### ४.३.१.२ जात र पेशाको आधारमा उत्तरदाताको विवरण

जाति व्यवस्था विशेष गरी हिन्दु वर्ण व्यवथामा आधारित छ । यो जन्मको आधारमा प्राप्त हुने गर्दछ । जातलाई मुख्यगरी चार वर्ण ब्राम्हण, क्षेत्रीय, वैश्य र शुद्र गरी चार भागमा विभाजन गरिएको छ । सो वर्ण व्यवस्था अनुसार ज्ञान, शिक्षा आर्जन गर्ने पुरोहित्याई गर्ने ब्राम्हण, शासकीय, सैन्य, प्रशासकीय काम गर्ने क्षेत्रीय, कृषि पशपालन, व्यापार व्यवसाय गर्ने वैश्य अनि सबैभन्दा कठिन र सेवामुलक श्रम गर्ने शुद्ध भनि चार वर्ण व्यवस्थामा विभाजन गरिएको छ । सुरुमा शासकीय दमनबाट सुरु भएको यस व्यवस्थालाई कालान्तरमा ब्राम्हण धर्मको रूपमा नैतिक वैधता दिएको र सिंगो समाजको धर्मको रूपमा पालना गर्न लगाइयो । कतिपय विद्धानहरूले वर्ण व्यवस्थालाई अनिवार्य र तात्कालिन आवश्यकताको रूपमा लिएकोदेखिन्छ (आहुती, २०६७) । मानिसले आफनो जीवन यापनको

लागि उउटा न एउटा पेशा अपनाउनु पर्ने हुन्छ । कुनै पनि मानिसको काम र कर्तव्य दक्षतापूर्ण तरिकाले संचालन गर्नु सिप भएकोले कामको प्रकृति शैक्षिक योग्यता, अनुभव वा तालिम आदिको आधारमा पेशालाई वर्गीकरण गरिएको छ । नेपालमा एउटै कामदार तीन चार पेशामा संलग्न भएको पाइन्छ । यस्तो अवथामा कामदारले जुन पेशामा बढी समय खर्च गरेको हुन्छ र बढी आय प्राप्त गरेको हुन्छ । त्यो नै मुख्य पेशा मानिएको छ (केन्द्रीय तथ्यांक विभाग, २०५६) । २०६२/६३ को जनआन्दोलन पछी तराईबाट पहाडी समुदायको मानिस विथापित भएको यो विस्थापित समुदायको जाति र पेशालाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं २**

**जात र पेशाको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जाति र जनजाति | ज्यामि महिला | प्रतिशत | विद्यार्थी | प्रतिशत | घरयासी काम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | लिम्बु | ६ | २६.०८ | २ | ८.६९ | १ | ४.३४ |
| २ | राई | १ | ४.३४ | - | - | १ | ४.३४ |
| ३ | तामाङ्ग | ४ | १७.३९ | - | - | - | - |
| ४ | माझी | २ | ८.६९ | - | - | - | - |
| ५ | गिरी | ३ | १३.०४ | - | - | - | - |
| ६ | नेवार | ३ | १३.०४ | २ | | | |
| जम्मा | | १९ | ८२.८४ | २ | ८.६९ | २ | ८.६९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

विस्थापित भै सकेपछि उनीहरूको शिक्षा, पेशा, आय, जीवनशैली जस्ता विभिन्न पक्षमा सकारात्मक र नकारात्मक परिवर्तन हुने गर्दछ । यस अध्ययनमा समानुपातिक रूपमा बैको प्रतिनिधित्व वरावर हुनेगरी २३ उत्तरदाता नमुनाको रूपमा लिएको २३

उत्तरदातामध्ये १९ जना अर्था ८२.४८ प्रतिशत ज्यालादारी श्रममा संलग्न भएको देखिन्छ । विस्थापन पछी उनीहरूको पेशामा नकारात्मक प्रभाव परेको देखिन्छ ।

### ४.३.१.३ पेशा र शिक्षाको आधारमा उत्तरदाताको विवरण

जीवन मापनको लागि मानिसले आफनो दक्षता र क्षमता अनुसारको विभिन्न पेशामा संलग्न हने गर्दछ । पेशाले मानिसको जीवनशैलीमा प्रभाव पारिरहेको हुन्छ । यस अध्ययनमा विस्थापितहरूको पेशा र शिक्षाको चर्चा गरिएको छ । शिक्षाले मानिसहरूलाई नयाँ नयाँ अवसरहरू प्रदान गर्ने, रोजगारी छनोट गर्ने अवसर प्राप्त हुने गरेकोले यहाँ विस्थापन भएर आएका मानिसहरूको शिक्षा र पेशालाई तालिमामा उल्लेख गरिएको छ ।

**तालिका नं ३**

**शिक्षा र पेशाको आधारमा उत्तरदाताको विवरण**

| शिक्षा | जम्मा | प्रतिशत | ज्या.श्रम | प्रतिशत | विद्यार्थी | प्रतिशत | घरयासी काम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| साक्षर | ८ | ३४.७९ | ६ | २६.०९ | - | - | २ | ८.६९ |
| निरक्षर | ५ | २१.७४ | ५ | २१.७३ | - | - | - | - |
| प्रा.वि. | ३ | १३.०४ | २ | ८.६९ | १ | ४.३४ | - | - |
| नि.मा. बि. | ४ | १७.३९ | ३ | १३.०५ | १ | ४.३४ | - | - |
| मा.बि. | ३ | १३.०४ | ३ | १३.०४ | - | - | - | - |
| जम्मा | २३ | १०० | १९ | ८५.७ | - | ८.०८ | | ८.६९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका ३ मा. माध्यमिक विद्यालय तहभन्दा तल मात्र अध्ययन गर्नेहरू छन् । उच्च शिक्षा कसैले पनि प्राप्त गरेको छैन । यस तालिकाबाट के पष्ट हुन्छ भने यहाँ सहभागी भएको उत्तरदाताहरू कसैले पनि उच्च शिक्षा प्राप्त नगरेकोले राम्रो रोजगारीको अवसर प्राप्त गर्न नसकेकोले उनीहरू ज्यालादारी श्रममा संलग्न भएको देखिन्छ ।

### ४.३.१.४ धर्म र जातजातिको आधारमा उत्तरदाताको विवरण

नेपाली समाजमा विभिन्न जाति र धर्म मान्ने मानिसहरू एकै समुदायमा बसोबास गर्ने गर्दछ । धर्म मानिसले पहिले देखिनै धारण गर्दै आएको मान्यता हो । मूलत नेपालको २०६८ को जनगणना अनुसार नेपालमा धार्मिक समुहहरू हिन्दु, बौद्ध, ईस्लाम, शिख, जैन, कृत, वोन, वढाई क्रिस्चियन र किराँत गरी दश वटा धर्म मान्ने मानिसहरू वसोबास गर्दछन् । यी विभिन्न धर्मावलम्बीहरू मध्ये सबै भन्दा बढी ८१.३ प्रतिशत हिन्दु र बैभन्दा कम वहाई धर्म मान्ने मानिस रहेको तथ्यांकमा उल्लेख गरिएको छ। शहरिकरण र आधुनिकीकरणसँगै हिन्दु, बौद्ध, किराँत धर्म मान्ने मानिसहरू क्रिस्चियन धर्म मान्न थालेको पाइन्छ भने कतिपय गरिबीको कारणले पनि क्रिस्चियन धर्ममा लागेको देखिन्छ । जात जन्मको आधारमा प्राप्त गरिएको हैसियत हो । जुन मानिसको इच्छा अनुसार परिवर्तन गर्न सकिदैन । नेपालमा हाल १२५ जातजाती रहेको पाइन्छ । आन्तरिक द्धन्दको समाप्तीपछि अर्थात् माओवादी शान्ति प्रकृयामा आईसकेपछि विशेषगरी पहाडीया र मधेशी समुदाय बिच तनाव उत्पन्न भएको थियो । यहि तनावको कारण पहाडी समुदायको मानिसहरू तराईबाट विस्थापित हुन परेको थियो । यरी भरौल गा.वि.स. मा विस्थापन हुने कुन कुन जाती र धर्ममा मानिसहरू रहेछ जान्नु जरुरी हुन्छ । त्यसैले भरौल गा.वि.स. मा विस्थापित भएर आएकाहरूको धर्म र जाति तल तालिकामा उललेख गरिएको छ ।

### तालिका नं ४

### धर्म र जातिको आधारमा उत्तरदाताको विवरण

| क्र.सं. | जत | जम्मा | प्रतिशत | किराँत | प्रतिशत | वौद्ध | प्रतिशत | हिन्दु | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिम्बु | ९ | ३९.१३ | ९ | ३९.१३ | – | – | – | – |
| २ | राई | २ | ८.६९ | २ | ८.६९ | – | – | – | – |
| ३ | नेवार | ३ | १३.०४ | – | – | – | – | ३ | १३.०४ |
| ४ | तामाङ्ग | ४ | १७.३९ | – | – | ४ | १७.३९ | – | – |
| ५ | माभ्mी | २ | ८.६९ | – | – | – | – | २ | ८.६९ |
| ६ | गिरी | ३ | १३.०४ | – | – | – | – | ३ | १३.०४ |
| जम्मा | | २३ | ९९.९८ | ११ | ४७.८५ | ४ | १७.३९ | ८ | ३४.७७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा उल्लेख भए अनुसार सबैभन्दा बढी विस्थापित लिम्बुजाति भएको छ । त्यसैले यहाँ सबैभन्दा बढी ३९.१३ प्रतिशत किराँत धर्म मान्नेहरू रहेको छ । त्यसपछि हिन्दु धर्म मान्ने ३४.७७ प्रतिहत र वौद्ध धर्म मान्ने १७.३९ प्रतिशत रहेको देखिन्छ । यस तालिकामा सबैभन्दा बढी विस्थापित हुनेमा लिम्बु र कम राई र माझी रहेको छ ।

## ४.४ विस्थापनका कारणहरू

तराई नेपालको उर्वर भुमी हुनुको साथै भौतिक पूर्वाधारको विकाश भएकोले यहाँको जनघनत्व बढी रहेको छ । दशकौ देखि मधेशी र पहाडी मुलका मानिस मिलेर बसेको तर २०६२।०६३ को जनआन्दोलन पछि मधेश र पहाडी समुदाय बिच तनाव उत्पन्न भएको मधेशीहरूले आफूहरूलाई बहिष्करण र भेदभाव गरेको भारतीय मुलको रूपा परिभाषित गरेको स्थानीय र राष्ट्रिय सरकारमा सहभागी नगराएको नागरिक दिदा भेदभाव गरेको आदि

आरोप मधेसीको छ । यहि राजनैतिक कारणले मधेसी र पहाडी मुदायबिच तनाव उत्पन्न भएको र त्यहाँको विभिन्न शसस्त्र समुहहरू सक्रिय रहेको र तिनीहरूले पहाडी समुदायहरूमा लुटपाट, हिंसा जस्ता अभद्र व्यवहार गर्ने गरेको बुझिएको छ (RRT, 2008) । यस्ता शसस्त्र समुहहरूजस्तै : मधेशी मुक्ती टाईगर्स, जनतान्त्री मुक्ति मोर्चा (ज्वाला सिंह), Terai Cobra, Terai Baghiआदि समुहहरूको अभद्र व्यवहारको कारण पहाडी मुलको मानिस विथापित भएको देखिन्छ । सुनरीको भरौल गा.वि.स. को वडा नं ३ मा विस्थापित भएर आएकाहरू मध्ये समानुपातिक रूपमा अर्थात् सबैको सम्भावना वरावर रहनेगरी २३ जनासँग अन्तरवार्ता लिदा २३ सै जनाले मधेसी मुक्ती टाइगर्सको लुटपाट, हिंसाजस्ता अभद्र व्यवहारको कारणले आफ्नो घर जगगा, खेतीपाती सबै छोडेर विस्थापित हुन बाध्य भएको बताउका छन् । हरिपुर गा.वि.स. मा बोबास गर्ने पहाडी मुलका ५८ घर परिवार २९० मानिस विस्थापित भएर आएको बुझिएको छ । त्यहाँ बसोबास गर्ने पहाडी मुलका सबै घर परिवार विस्थापित भएर आएको तर समयको अन्तरालमा अन्य घर परिवार चाहि अन्यत्रै त्यहाँबाट बसाई सरेको र अहिले चाहिँ १५ घर परिवार ७० मानिस रहेको उनीहरूको पनि अन्यत्र जाने प्रकृया बढी रहेको छ ।

**क) राजनैतिककारण**

Global overview(2014) काअनुसार २००७ देखि नेपालको दक्षिणी भागको मध्य तराईमा आपराधिक हिंसाहरूमा परिवर्तन आएको मधेसिहरूले पहिचानको आवाज उठाउने क्रममा तराईबाट पहाडीमुलको हजारौं मानिस विस्थापित भएको उल्लेख छ । त्यसैगरी मधेशी र पहाडीमुलको समुदाय बिच तनाव उत्पन्न भएकोमधेशीहरूले आफूहरूलाई वहिष्करण र भेदभाव गरेको भारतीयमुलको रूपमा परिभाषित गरेको स्थानीय र राष्ट्रिय सरकारमा सहभागी नगराएको नागरिक दिदा विभेद गरेको आदि आरोप मधेशी activists को छ(RRT, 2008) । यहि राजनैतिककारणले मधेशी र पहाडी समुदाय बिच तनाव उत्पन्न भएको र त्यहाँको विभिन्न शसस्त्र समुहहरूले पहाडीमुलको समुदायलाई विभिन्न प्रकारको तनाव दिएको बुझिएको छ। यहि तनावको कारणले पहाडीमुलको जनताहरू तराईबाट विस्थापित हुन परेको बुझ्न सकिन्छ ।PCDN(2010) काअनुसार पहाडीया र मधेशी समुदायबिचको तनावको कारणले ६ देखि ८ हजार पहाडीमुलको मानिसहर तराईबाट विस्थापितभएको जनाएको छ । त्यस्तैगरी Global overview (2014)माउल्लेख भएअनुसार नेपालमा 2007 देखि मध्ये तराईमा छुट्टै खालको हिंसात्मक आपराधिक

घटनाहरूको सुरुवातभएको उल्लेख छ । यस लेखमा उल्लेख भएअनुसार मधेशी र पहाडीमा समुदाय बिचको बेमेलको कारणले तराईबाट पहाडी मुलको हजारौं मानिसहरू विस्थापित भएको उल्लेख छ । त्यसैले तराईबाट पहाडीमुलको जनता विस्थापित हुनमा राजनैतिक कारण प्रमुख मान्न सकिन्छ ।

**अ) विभेदकारी राज्य संरचना**

Hachhethu (2007) का अनुसार तराईको २० जिल्लामा पहाडी मुलको ३६ प्रतिशत मानिस रहेको छ । सरकारले एकिकृत योजनाको आत्मासाथ गरेर पहाडीमुलको मानिसहरूलाई तराईमा बसाई सर्न प्रोत्साहन गरेर पहाडी संस्कृति र राजनैतिकतराईमा स्थापित गरेको तराईको मुख्य दुई प्राकृतिक स्रोत वन र भुमी अधिकरण गरी पहाडी समुदायमा वितरण गरेको त्यस्तै गरी १९५० पछि पहाडीय कुलीन वर्गहरूलाई एवं सेवा गरेवापत तराईमा भुमी दिएर बसाई सर्न प्रोत्साहन गरेको देखिएको छ । राज्य पक्षले यस्तो प्रकारको पहाडी समुदायलाई फाइदा पुग्ने खालको नीति अवलम्बन गरेर रैथाने मधेसी समुदायहरूले परापूर्वकालदेखि भोगी आएको वन भुमीको अतिक्रमणको साथै नेपाली भाषा र संस्कृतिको विस्तार गरेको त्यहाँको रैथाने समुदायको भाषा र संस्कृति ओझलमा पारिएको त्यहाँको मधेसी समुदायको आरोप छ ।

Miklian (2008) का अनुसार नेपालमा १९६०-१९९० सम्म पञ्चायती शासन व्यवस्था भएकोले १०० भन्दा बढी अन्य जातजाति र भाषा भाषीहरू बोल्ने समुदायहरूलाई एक राष्ट्र, एक भाषा, धर्म, शिक्षा नेपाली पहिचान आदिको जवरजस्ती आत्मासाथ गर्न बाध्य गराएको उनीहरूको आफ्नो भाषा, धर्म र संस्कृतिलाई ओझलमा पारेको उल्लेख छ । २०४६ को जनआन्दोलन पछि मधेसी जनजाति, दलित, अन्य सिमान्तकृत वर्ग र समुदायहरूले आफ्नो हक, अधिकार सम्बन्धी स्वतन्त्र रूपमा आवाज उठाउन थालेकवो देखिन्छ । त्यो भन्दा अगाडी आफ्नो हक अधिकारको सम्बन्धमा स्वतन्त्र रूपमा आवाज उठाउन सक्ने अवस्था थिएन । १९९७ मा उपेन्द्र यादवद्धारा MJF को गठन गरियो । मधेसी समुदायको लागि यो एउटा कोषे ढुङ्गा थियो ।

Hachhethu (2007)का अनुसार मधेसी राष्ट्रियता र पुनसंरचनाको लागि२००७January-February मा मधेसी विद्रोहिहरूले २१ दिनसम्म आन्दोलन गरेको आन्दोलनमा मधेसी समुदायको वृहत सहभागीता रहेको उल्लेख छ । 2006को दोस्रो

जनआन्दोलनमा पनि मधेसी समुदायको अभुतपूर्व सहभागीता देखिन्छ । यो आन्दोलनको मुख्य मुद्दा भनेको क्षेत्रीय आधारमा जातीय राष्ट्रियताको मुद्दालाई राष्ट्रको पुनसंरचना निर्माणमा मुख्य वहस बनाउनु थियो । नेपालका जनजाति सामाजिक, वैज्ञानिक हर्क गुरुङ्ग, कृष्ण बहादुर भट्टचन, महेन्द्र लावती आदिले जनजाति पहिचान र अधिकारलाई जोड दिएको छ । विदेशी विद्धानहरूCaplan, Gellner, Willian Fisher, Frederick Gaige and other Anthropdogists का अनुसार मधेसी समुदायको प्राथमिकताहरू कला, संस्कृति, भाषा साहित्य, सुद्ध विज्ञान र अन्य प्राविधिक विषयहरू उल्लेख छ । तर मधेशीहरूको कतिपय मुद्दाहरू अन्योलपूर्ण भएको उललेख छ । २००७ को मधेस आन्दोलनमा संघीयता, तराईमा निर्वाचन क्षेत्रको वृद्धी, समावेशी लोकतन्त्र, स्वायत शासन व्यवस्था पहिचान सहितको संघीयता राज्यको सबै संयन्त्रमा मधेसी समुदायको सहभागीता बढाउनु पर्ने सहज तरिकाले नागरिक पाउनु पर्ने मागगरी मधेसीहरूले आन्दोलन गरेका थिए । मधेसी जनअधिकार फोरम MJF तराई जनतान्त्रीक मुक्ती मोर्चा, गोईत, नेपाल सद्भावना पार्टी आदिका कार्यकर्ताहरूले प्रदर्शन गरेको थियो र अहिले पनि गरिरहेका छन् । १२-२५ वर्ष उमेर समुहको प्रदर्शनकारी रहेको । पसल स्कुल, यातायात सबै बन्द गरिएको पहाडीयाहरूको केहि पसल र होटलहरू नष्ट गरेको पहाडीया प्रशासन विरुद्ध नारा लगाएको अन्तरिम संविधानको खारेजी संघीयताको घोषणा, जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको सिमा निर्धारण राज्यको सम्पूर्ण संयन्त्रमा मधेसीको सहभागीता हुन पर्ने आदि माग राखी प्रदर्शन गरेको राज्यले मधेसी समुदायलाई वहिस्करणमा पारेककोले मधेसीहरू असन्तुष्ट भएको कारणले स्वभाविक रूपमा पहाडीमा र मधेसीबिच तनाव उत्पन्न भएको उल्लेख छ ।

मधेसी कार्यकर्ताका अनुसार विभेदकारी राज्य संरचना र राज्यको शासन प्रणालीको विरोधमा शान्तिपूर्ण आन्दोलन गर्ने क्रममा केहि साम्प्रदायिक हिंसा भड्किएको चुरे भावर एकता समाजले January-February 2007 को मधेस आन्दोलनमा २४ जना पहाडीमुलको मानिस मारिएको प्रतिक्रिया दिएको तराई जनतान्त्रीक मुक्ती मोर्चा र अन्य साना मधेसी सशस्त्र समुहबाट निरन्तर पहाडी विरोधी कार्यहरू भएको पहाडी समुदायको पहाडी समुदायको मानिसहरूको अपहरण, हत्या आदि मधेसी सशस्त्र समुहहरूले गर्ने गरेको मधेस आन्दोलनमा मुखय नारा पहाडीया चोर देश छोड लगाएको मधेश आन्दोलनको समयमा जनकपुरको गल्लीहरूमा पहाडीयाहरू देखिदैन थियो । यो स्पष्ट रूपमा मधेसीको आन्दोलन देखिन्छ ।2007January 23 मा दश जनाको समुहमा पहाडीमुलको मानिसहरू जनकपुर

परिवार नियोजनको कार्यक्रम लिएर आएको उनीहरू रामा होटलमा बसेका थिए । त्यही साझ ५०/६० जनाको एक मधेसी कार्यकर्ताको समुह आएर होटल तोडफोड गरेको guests भाग भाग भएका थिए र अर्को होटलमा गएर बसे । उनीहरू आतंकित भएर गर्नुपर्ने कामहरू केही पनि नगरी केही दिन पछि काठमाडौं फर्किएको airport सम्म प्रहरीले सुरक्षा दिएको आदि यस्ता प्रकारको धेरै दिसाहरू मधेस आन्दोलनको समयमा पहाडी समुदायले सहनु परेको थियो ।

**आ) 2006को शान्ति सम्झौता पछि मधेसी, जनजाति अन्य सिमान्तकृत वर्ग र समुदायले उठाउने मुद्दा प्रति वेवास्ता गरिनु:**

Miklian (2008) का अनुसार नेपालमा 2006 को अन्त्यतिर माओवादी र सरकार पक्ष बिच शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि 10 वर्ष देखि चलिरहेको गृहयुद्धको अन्त्य भएको थियो । यो देखेर अन्तराष्ट्रिय क्षेत्र चकित थियो । तर शान्ति सम्झौता भएको केहि समय पछि नेपालको तराईमा विभिन्न प्रकारको असन्तुष्टिहरू देखा पर्न थाल्यो । तराईका मधेसी समुदाय, जनजाति अन्य सिमान्तकृत वर्ग, क्षेत्र, लिंग आदिले जुन मुद्धा उठाएर सशस्त्र संघर्षमा सहभागी भएका थिए तर 2006 को शान्ति सम्झौतापछि ती मुद्दाहरूलाई न्यायोचित ढंगले संवोधन नगरिएको ती उत्पीडित वर्ग र समुदायको मुद्धाको वेवास्ता गरेकाले राज्य पक्ष, माओवादी र मधेसी नेताहरू विच ध्रुविकरण भएको देखिन्छ । त्यसपछि बर्षौदेखि उत्पीडनमा पारिएको मधेसी समुदायहरूको लागि आवाज उठाइ रहेको यस गठवन्धनले पहिचान सहितको अधिकार सम्पन्न स्वायत्त मधेश प्रदेशको मागगरी आन्दोलन गरिरहेको छ । तराईमा बस्ने र तराई बाहिर बस्ने मानिसहरूको पहिचानमा पुनपरिभाषित गरेका छन् । स्थानीय स्तरमा खराब जातीय विभाजन र हिंसा भएकोवाध्यकारी रूपमा असमान जातीय समुदायहरूलाई आफ्नो फाइदाको लागि राजनीति क्षेत्र बनाएको तराईको असन्तुष्टीहरूलाई बर्षै देखि दवाएकाले मधेसी र पहाडी (विशेष काठमाडौं) बिच विरोधाभासपूर्ण सम्बन्ध भएकोले UDMF ले ती समस्या प्रति ध्यानाकर्षण गर्न राजनैतिक हिंसाको प्रयोग गरेको राजनैतिक नेताहरूसँग दुई पटक सम्झौतागरी हस्ताक्षर गरेको तर ती सम्झौताहरूको कार्यान्वयन नगरेको उल्लेख छ ।

राजनैतिक विश्लेषक CK Lal(2016)का अनुसार मधेसमा चलेको विभिन्न चरणको आन्दोलन भनेको ६० वर्षअघि देखिको असन्तुष्टीहरू हो । नेपाल राज्यले मधेसीलाई नेपाली नमानेको खाली तराईलाई आन्तरिक उपनिवेश मात्र मानेको मधेसीहरूलाई दासभन्दा

अगाडी बढ्न नदिएको आगोको रूपमा प्रयोग गर्ने हो भने राज्यले ध्यु थप्ने काम गरेको छ। घाउको रूपमा प्रयोग गर्ने हो भने कोट्याउने काम राज्यले गरेको बताउ छन् । 2007 februaryमा राज्यले त्यतिवेलाका राष्ट्र प्रमुख र सरकार प्रमुख दुवै भएका गिरिजा प्रसाद कोइरालाले प्रतिवद्धता जाहेर गरे फेरी सन् 2008 फेव्रवरी मा फेरी अर्को सम्झौता गरे ती दुई सम्झौताको केही पनि लागु नगरीकन केहि त लागु भयो त्यो फेरी फर्काउने गरी संविधानको मस्यौदा बनाइएको छ । त्यो संविधानमा औठा छाप लगाउन बोलाई रहेको बताउछन् ।

मधेसको माग प्रतिको उनको धारणा उनी भन्छन् । मधेसले त्यो नै चाहन्छ । जुन सुकै देशको सामान्य नागरिकले चाहन्छ । त्यो के भने राष्ट्रियताको परिभाषा यस्तो होस जहाँ कोहि नछुटोस् समावेसी यस्तो होस जहाँ कोही नछुटोस । संविधान यस्तो होस जसमा सबैको अपनत्व होस संविधान र कानुनहरू यस्ता हुन । जसमा सबैको अपनत्व होस राजकीय संरचना यस्तो होस जसमा सबैको अनुहार देखियोस यो भनेको सामान्य मानव भएर जन्मीए पछि र राज्य भन्ने संरचना स्थापीत भए पछि त्यसमा बस्ने जोसुकैले खोज्ने जे खोज्ने कुराहरू हो त्यो मात्रै खोजेको बताउँछन् । मधेस सापेक्ष सिद्धान्त नै नभएको यहाँको सत्तासीनहरूले राणाकाल देखि अझ त्योभन्दा पनि अगाडी नेपाल भन्ने देश गोर्खाली विजेताले निर्माण गरे देखि यी भनेको बाहिरियाहरू हुन यिनीहरलाई नियन्त्रणमा राख्नु पर्छ । जुन स्थायी सत्ताको निरन्तरता छ । १९/२० भको होला त्यो व्यक्ति विशेषमा फरक हुन्छ । १८/२१ आजसम्म नभएको राजनीतिक उच्च सत्तामा मधेसी समुदायको एक दुई जना पुगेको त्यो भनेको सजावटको पद भएको जुन सजावटको पदलाई लिएर राज्य संरचनागत विभेदलाई नजर अन्दाज गर्न नमिल्ने नेपालमा पात्र फेरिएको तर प्रवृत्ती नफेरिएको बताउँछन् । २०६२/६३ को जनआन्दोलन पछि आधुनिक समाज, नयाँ किसिमको गणतन्त्र, संघीयताको सुनिश्चित गर्ने ठूलो अवसर थियो । यो अवसरलाई सत्तासिनहरूले एउटा चुनौतीको रूपमा बुझेको स्थायी सत्ताले चुनौतिको सामना गर्नको लागि यो हाम्रो बाटो हो । अरु हिड्न पाउँदैन भन्ने जस्तो भै रहेको बताउँछन् ।

थापा (२०७३) का अनुसार २०४६ को धेरै कानुनहरू बिभेदकारी भएको त्यसमा परिवर्तन गरौं भन्यो भने समाज र परम्परा खल्बलिन्छ भन्ने सोच त्यती बोला रहेको थियो जसले प्रजातन्त्र ल्याउन अगुवाई गऱ्यो । उनीहरू नै परिवर्तन गर्न चाहदैन थियो । जातीय लगायत सामाजिक विषयमा हेर्ने दृष्टीकोण बन्देजकारी नै थियो । ०६३ सालको क्रान्तिकारी

परिवर्तनको अवस्था पनि यसरी नै गुज्रियो । क्रान्ति गरेर आएकाहरू नै पुरा नै चिन्तनमा लाग्नु भयो । परिवर्तन भेल सरी आयो कसरी नियन्त्रण गर्ने भन्ने तीर ध्यान केन्द्रित भएको देखिन्छ । सायद उनीहरूमा डर होला आफ्नो हातबाट शक्ति गुम्छ भन्ने । खासगरी परिवर्तन रोक्न मुख्य दलहरू कांग्रेस र एमालेको सोच भएको देखिन्छ । समानुपातिक प्रतिनिधित्व सहित सबैले राज्यमा आफ्नो अनुहार खोज्न पाउलान भन्ने आशा थियो । त्यो आशा र उत्साह ०६३ देखि पहिलो संविधान सभा अवसान हुने बेला सम्ममा धेरै बदलिएको थियो । अहिलेको संविधान बहुमतले जारी गरेकै हो तर अल्पमत र अल्पसंख्यकलाई संरक्षण नगर्ने लोकतन्त्र वास्तवमा लोकतन्त्र होइन फासीवाद हो । अहिलेको मधेस आन्दोलन लगायत अन्य पक्षहरूको सम्वोधन गर्न सकिने अवस्था छ । मधेस आन्दोलनका कतिपय मागहरू जायज छन् । मधेसले प्रदेशको माग गर्दा काठमाडौंले विखण्डनको ढंगले सोचिदियो । यस्तो सोचले मानिसहरूलाई तर्साउने काम गऱ्यो । पहाड र मधेशको दुरी बढाएको बताउनु हुन्छ ।सत्तासीन शासक वर्गको अदुर्दशीता, पुरानै चिन्तनको भएको कारण जनतालेपरिवर्तन चाहेको तर शासक वर्गहरू आफ्नो हातबाट शक्ति गुम्ने डरले परिवर्तन चाहदैन । जनताको असन्तुष्टिहरूलाई दवाउने प्रयत्न गरिरहेको छ । यहीँ कारणले विविध समस्यहरू आइरहेकोबताउनु हुन्छ ।

## ख) मधेसी समुदायमा चेतनाको अभिवृद्धी हुनु

नेपालको २०४६ र २०६३ को जनआन्दोलनपछि नेपाली जनतामा चेतनाको विकास भएको देखिएको छ । सदियौंदेखि उत्पीडनमा पारिएका विभिन्न जातजाति, भाषाभाषी, अल्पसंख्यक र सीमान्तकृत समुदायले आफ्ना कुण्ठीत विचारहरूलाई स्वतन्त्र रूपमा खुलेर बाहिर ल्याएको देखिएको छ । यी समुदायहरूले पहिचान सहितको संघीयता राज्यको सबै पक्षमा समानुपातिक प्रतिनिधित्व आदिको माग गरी आन्दोलन गरेको देखिएको छ । विशेषगरी मधेशीहरूले यो मागलाई अघि सारी चर्को रूपमा आन्दोलन गरेको देखिन्छ । उनीहरूले राज्य पक्ष र पहाडी समुदायबाट बढी शोषीत पिडीत भइरहेको उनीहरूको दावी छ । त्यही कारणले गर्दा जनआन्दोलनको समाप्तीपछि २००७ देखि तराईमा विभिन्न सशस्त्र समुहहरू सक्रिय भएको र यी समुहहरूले पहाडी मुलको जनतालाई विभिन्न प्रकारको तनाव दिएर तराईबाट विस्थापित हुन वाध्य गराएको देखिन्छ ।

### ग) तराईको विभिन्न शसस्त्र समुहहरूको लुटपाटको कारण

तराईको विभिन्न शसस्त्र समुहहरू जस्तै मधेशी मुक्ती टाइगर्स, जनतान्त्रिक मुक्ती मोर्चा (ज्वाला सिंह), Terai Cobra, Terai Bagi आदि समुहहरू रहेको विशेषगरी मधेशी मुक्ती टाइगर्सले विस्थापित हुन वाध्य बनाएको अन्तर्वार्तामा सहभागी विस्तापितहरूले बताएका छन् । अन्तर्वार्तामा सहभागीभएका विस्थापितहरूका अनुसार मधेशी मुक्ती टाइगर्स समुहका मानिसहरू दिउँसो आएर राम्ररी कुराकानी गर्ने र रात परेपछि त्यही मानिसहरू आएर हामीहरूसँग भएको पैसा, माल सामानहरू, गाई भैसी आदि खोलेर लाने पुरुषहरूलाई बाधेर कुटपीट गर्ने र महिलाहरूलाई बलात्कार गर्ने, खेतवारीमा लगाएको अन्नवाली खेतबाटै काटेर लग्ने गरेको बताएका छन् । यस्ता प्रकारको अभद्र व्यवहार सहन नसकेर विस्थापित हुन वाध्यभएको बताएका छन् ।

### घ) शान्ति सुरक्षाकोअभाव

शासक वर्गहरूको राजनैतिक खीचातानीले सरकार परिवर्तन भैरहँदा शासन व्यवस्था अस्थीर भएको कारणले राज्यपक्षले जनताको उचित तवरले शान्ति सुरक्षाको व्यवस्था गर्न नसकेको देखिएको छ । अन्तर्वार्तामा सहभागी विस्थापितहरूका अनुसार मधेशीमुक्ती टाईगरले मनोमानी तरिकाले तेत्रो लुटपाट गर्दा पनि सरकार पक्षले कुनै प्रकारको कारवाहि नगरेको र शान्ति सुरक्षाको व्यवस्था नगरेको कारणले आफु आफ्नो परिवार र आफ्नो समुदाय नै विस्थापित हुन बाध्यभएकोबताएका छन् । अहिलेसम्म पनि सरकार पक्षले शान्ति सुरक्षाको व्यवस्था गरी पुनर्वास गराउन सकेको छैन । भने उनीहरूमा पनि अहिले सम्म मनोवैज्ञानिक त्रास कायमै रहेकोले पुनर्वास हुन त्यती इच्छुक देखिदैन । विस्थापितहरू पुनर्वास हुनको सट्टा आफन्त र साथी भाईको माध्यमबाट अन्यत्रै सेटल हुँदै गएको देखिन्छ । सुरुमा ५८ घर परिवार २९० जनामानिस विस्थापित भएर आएकोमा अहिले १४ घर र ७० जना रहेको छ । यो पनि घट्दो क्रममा छ ।

### ङ) न्यून संख्यामा पहाडी समुदायको मानिस

हरिपुर गा.वि.स.मधेशी समुदायको बाहुल्यताभएको गा.वि.स. हो । यहाँ न्यून संख्यामा पहाडी सुदायको मानिसहरू बसोबास गरेको देखिएको छ । त्यसैले २००७ पछि मधेशी र पहाडी समुदाय बिच तनाव उत्पन्न भएको समयमा कम संख्यामा रहेको पहाडी समुदायको मानिसहरूलाई विशेष गरी तराईको शसस्त्र समुह मधेशी मुक्ती टाईगरले

विभिन्न प्रकारको हिंसात्मक गतिविधि बढाएर विस्थापित हुन बाध्य गराएको अन्तर्वातामा सहभागी विस्थापितहरू बताउँछन् ।

### ४.५ विस्थापितहरूलाई प्रेरित गर्ने तत्वहरू

विस्थापन विशेषगरी, प्राकृतिक प्रकोप, आन्तरिक द्धन्द दुई जातीय मुदायबिचको तनाव आदि कारणले एक ठाउँबाट अर्को ठाउँमा विस्थापन हुने गर्दछ । विस्थापन एक प्रकारको आपतकालिन अवस्था पनि हो । नेपालमा शान्ति प्रकृयाको सुरुवात भएपछि पनि मधेशी र पहाडीया मुदाय बिच तनाव उत्पन्न भएकोले त्यही तनावको कारण सुनसरीको हरिपुर गा.वि.स. बाट सुनरीकै भरौल गा.वि.स. मा विस्थापित भएका मानिसहरूलाई त्यहाँ आउन प्रेरित गर्ने तत्वहरूको तल तालिकामा चर्चा गरिएको छ ।

**तालिका नं ५**

**विस्थापितहरूलाई प्रेरित गर्ने तत्वहरू**

| क्र.सं. | प्रेरित गर्ने तत्व | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | पहाडी समुदाय | १३ | ५६.५२ |
| २ | यातायातको सुविधा | ६ | २६ |
| ३ | स्वास्थ्यको सुविधा | ४ | १७.३९ |
| जम्मा | | २३ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यस तालिकामा ५६ प्रतिशतलाई पहाडी समुदायले भरौल गा.वि.स. मा आउन प्रेरित गरेको देखिन्छ भने २६ प्रतिशतलाई यातायातको सुविधाले र १७ प्रतिशत स्वास्थ्यको सुविधाको कारणले प्रेरित गरेको देखिएको छ ।

#### क) पहाडी समुदाय

भरौल गाविस हरिपुर गा. वि. स. बाट नजिक पर्ने पहाडी समुदायको बाहुल्यता भएको गा.वि.स. हो । त्यसैले विस्थापतहरूलाई भरौल गाविसमा विस्थापित हुन प्रेरित

गरेको देखिन्छ । मानिसहरू आन्तरिक द्वन्द्व र दुई जातीय समुदायबिच तनाव उत्पन्न भएको अवस्थामा आनो जातीय समुदायको सामिप्यता खोजेको देखिन्छ । आफ्नै समुदायमा आफू र आफ्नो परिवार सुरक्षित हुने विश्वास गर्दछ । माथिको तालिका अनुसार ५६ प्रतिशतले पहाडी समुदायले अहिलेको स्थापना आउन प्रेरित गरेको बताएका छन् ।

### ख) यातायात र स्वास्थ्य सुविधा

यो गा.वि.स. मा यातायात र स्वास्थ्य सुविधाको दृष्टिले राम्रो मानिन्छ । सुविधा सम्पन्न हस्पीटल वि.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान धरान नजिकै रहेको छ भने मेन रोड पक्की छ भने साना साना बाटोहरू सबै ग्रावेल गरिएको छ । त्यसैले मोटर गाडीहरू घरघरमा पुग्न सक्छ । यहाँ सहभागी उत्तरदातामध्ये २६ प्रतिशत यातायातको सुविधा र १७ प्रतिशतको स्वास्थ्य सुविधाले प्रेरित गरेको बताएको छ ।

## ४.६ विस्थापन प्रकृयामा निर्णयकर्ता

कुनै पनि प्राकृतिक प्रकोपको समयमा होस या दुई जातीय समुदायबिच तनाव उत्पन्न भएको समयमा होस । यसको वैकल्पिक समाधानको लागि निर्णय गर्नै विषय महत्वपूर्ण हो । विस्थापनलाई एक आपतकालिन अवस्था मानिन्छ । त्यसैले विस्थापनको समयमा कस्को सल्लाह, सुझाव र निर्णय रहेको छ भन्ने विषयलाई यहाँ उल्लेख गरिएको छ । यस अध्ययनमा २३ जना उत्तरदातामा सबैले समुदायको सल्लाहमा विस्थापित भएको बताएको छ । समुदायको सल्लाह अनुसार आफु र आफ्ना परिवारहरूं सुरक्षित हने स्थान चयन गरी विस्थापित भएको बताएको छ ।

## ४.७ विस्थापन पछिको संघर्ष

उत्तरदाताहरूसँग तपाईहरूलाई सुरुका दिनहरूमा कस्ले आश्रय दिया ? खर्च कसरी चलाउनु भयो ? स्थानीयहरूले कस्तो व्यवहार गरे ? भनि प्रश्न गर्दा सुरका दिनहरूमा स्थानीयहरूले आश्रय दिएको खाद्यान्न उपलब्ध गराएको र उनीहरूले सक्दो सहयोग गरेको त्यपछि विभिन्न संघ संस्थाहरू ज्स्तै रेड क्रस, प्लान नेपाल, सेभ द चिल्डेन, एकल महिला संस्था, भु.पू सैनिक (व्रिटीस), कालिदा नेपाल, मर्नि स्टार वोर्डिङ स्कुल जस्ता संस्थाहरूले खाद्यान्न त्रिपाल, लताकपडा, किचनको सामान आदि उपलब्ध गराएर सहयोग गरेको उनीहरू आफैले पनि अरूकोमा जन गएर केही पैाकमाएर घर खर्च चलाएको सुरुका दिनहरूमा आफनो केही पनि नभएकोले निक्कै कष्टकर भएको बताएका छन् ।विस्थापित

भएपछि उनीहरूले राजनैतिक, आर्थिक, सामाजिक जस्ता विभिन्न किसिमको संघर्ष गनु परेको बताएका छन् ।

**क) आर्थिक क्षेत्रको संघर्ष**

विस्थापित भएपछि सुरुकादिनहरूमा उनीहरूसँग केही पनि नभएकोले दैनिक आवस्यकता पूरा गर्न साह्रै गारो भएको स्थानीयहरूले केही मात्रामा खाद्य सामग्रीहरू उपलब्ध गराएको र सुरुकादिनहरू सामुहिक रूपमा खाना बनाएर खाने बस्ने गरेको विस्थापित भएको केही दिनपछि विभिन्न संघ संस्थाहरूले सहयोग गरेको जस्तै : Red Cross, Plan Nepal, Save The Children, एकलमहिला संस्था, भु.पू सैनिक (ब्रिटीस) कालिदास नेपाल, Morning Star Boarding School आदि विभिन्न गैर सरकारी संसथाहरूले खाद्यान्न, लतकपडा, त्रिपाल, किचनको सामानहरू आदि उपलब्ध गराएर सहयोग गरेको यी विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगले सुरुकादिनहरूमा ठूलो राहत मिलेको अन्तर्वार्तामा सहभागी विस्थापितहरू बताउछन् । यस्ता विभिन्न सँघ संस्थाहरूको सहयोगको साथसाथै विस्तारै त्यहाँका स्थानीयहरूसँग चिनजानगरी सम्बन्ध बढाएर ज्यालादारी श्रम र अन्यकामहरू गरी दैनिक आवस्यकता पुरा गरेको बताएका छन् ।

अध्ययन क्षेत्रका ४८ वर्षीय एक पुरुष सहभागीका अनुसार विस्थापित हुन अगाडी कृषि र पशुपालन व्यववसाय गर्ने गरेको धान र गहु बढी मात्रामा उत्पादन गर्ने र वर्षभरी खान पुग्ने अन्न राखेर बचेको अन्न विक्री गर्ने गरेको कृषिको साथै पशुपालनबाट पनि राम्रो आम्दानी हुने गरेको प्रत्येक वर्ष गाई, भैंसी, गोरु विक्री गरेर पशुपालनबाट पनि राम्रो आम्दानी भएको बताउँछन् । यसरी अन्न र पशुबाट भएको आम्दानीले आफू र आफ्नो बालबालिकाको स्वास्थ्य, शिक्षा र अन्य घरायसी आवस्यकताहरू सजिलै पुरा गर्न सकेको बताउँछन् । तर 2006 पछि तराईका विभिन्न सशस्त्र समुहहरू विशेषगरी मधेसी मुक्ति टाईगर सक्रिय भएको उनीहरूले पहाडी समुदायका मानिसहरूलाई विभिन्न प्रकारको अभद्र व्यवहार गर्ने गरेको दिनमा आएर राम्ररी वाद गर्ने उनीहरू नै रातको समयमा आएर पुरुषहरूलाई बाधेर कुटपीट गर्ने महिलाहरूलाई बलात्कार गर्ने भएको नगद र सामानहरू लुटेर लाने, लगाएको बालिहरू पाकेपछि खेतबाटै काटेर लैजाने आदि विभिन्न प्रकारको तनाव दिएको बताउ छन। यस्तो अवस्थामा त्यहाँको स्थानीय पुलिस चौकीमा शान्ति सुरक्षाको माग गरेको तर स्थानिय पुलिस चौकीले शान्ति सुरक्षा दिन नसकेको बताउँछन् । यस्ता प्रकारको हिंसात्मक कृयाकलापको कारण बाध्य भएर हरिपुर गा.वि.स. मा रहेको

पहाडी समुदायको ५८ घर परिवार विस्थापित हुनु परेको थियो । विस्थापित भएर भरौल गा.वि.स. मा अएपछि सुरुका दिनमा स्थानीय समुदायहरूले सहयोग गरेको उनीहरूले खाद्यन्न सामाग्रीहरू उपलब्ध गराएको सामुहिक रूपमा खानु वस्नु परेको थियो । विस्थापित भएको केहि दिन पछि विभिन्न गैरसरकारी संस्थाहरूले खाद्यान्न, त्रिपाल किचनको सामानहरू उपलब्ध गराएको यसबाट ठूलो राहत मिलेको बताउ छन् । तर सरकार पक्षबाट सहयोग नपाएको पटक पटक गा.वि.स. मुख्य कार्यालयमा आवासको व्यवस्था गरी दिन माग गरेको तर सरकार पक्षले वेवास्था गरेको बताउ छन् । विस्थापित भए पछि आफ्नो जग्गा जमिन नभएकोले दैनिक आवश्यकता पूरा गर्नको लागि ज्यालादारी श्रम गर्नु परेको ज्यालादारी श्रमबाट आएको आयले दैनिक आवस्यकता पुरा गर्न गाह्रो भएको आफु र आफ्नो बालबालिकाको स्वास्थ्य र शिक्षामा खर्च गर्न नसकेकोले राम्रो स्वास्थ्य सुविधा र शिक्षाबाट आफु र आफ्नो बालबालिका वन्चीत हुन परेको बताउ छन् ।विस्थापितहरू सबैलेविस्थापित हुनुको एउटैकारण र असरहरूबताउ छन्विस्थापितहरूको आर्थिक क्षेत्रमा नकारात्मक असर परेको कारणले अन्य पक्षहरू जस्तै शिक्षा, स्वास्थ्य, सामाजिक सबै क्षेत्रमा स्वतह रूपमा नकारात्मक असर परेको देखिन्छ ।

समग्रमा भन्नु पर्दा उनीहरूको आर्थिक क्षेत्रमा स्पष्टरूपमा नकारात्मक असर परेको देखिन्छ । राज्य पक्षले कुनै पनि प्रकारको राहतको व्यवस्था गरेको देखिदैन । राज्य पक्षले विस्थापित भएकाहरूको लागि न शान्ति सुरक्षाको व्यवस्था गर्न सक्यो न आवासको नै यो समस्या भनेको राज्य पक्षले नै सृजना गरेको समस्या हो । सत्तासीन शासक वर्गको अदुर्दशीता, पुरानै चिन्तनको कारण विविध समस्यहरू आईरहेकोजनतालेपरिवर्तन चाहेको छ ।सत्तासीन शासक वर्गहरूले आफ्नो हातबाट शक्ति गुम्ने डरले परिवर्तन चाहदैन । जनताको असन्तुष्टिहरूलाई दवाउने प्रयत्न गरिरहेको छ । जनताको माग प्रति सरकार पक्षले बेवास्तागरिरहेका छ । यहीँ कारणले विविध समस्यहरू आइरहेकोबताउनु हुन्छ ।

**ख)  राजनैतिक संघर्ष**

सरकार पक्षले शान्ति सुरक्षाको राम्रो व्यवस्था गर्न नसकेको कारण विस्थापित हुन परेको विस्थापित भएपछि पनि सरकार पक्षले खाद्यान्न र आवासको व्यवस्था नगरेको पटक पटक गा.वि.स. र मुख्य कार्यालयमा खाद्यन्न र आवासको व्यवस्था गरिदिन माग गरेको तर वेवास्ता गरेको विस्थापित भएको तत्कालिन समयमा केही पनि उपलब्ध नगराएको बरु स्थानीय समुदाय र अन्य गैर सरकारी संस्थाहरले अति आवस्यकीय वस्तुहरू जस्तै :

खाद्यान्न, त्रिपाल, लत्ता कपडा, किचनको सामानहरू उपलब्ध गराएको अन्तवार्तामा सहभागीहरू बताउ छन् । विस्थापित भएको लामो समय पछि केही मात्रामा खाद्यन्न र लत्ताकपडा गाविसले उपलब्ध गराएको बुझिएको छ । सुरुका दिनहरू निक्कै कष्टकर भएको विस्थापितहरू बताउछन् । आवासको व्यवस्थाको लागि सरकारसँग माग गरेको तर सरकार पक्षले कुनै चासो नदिएको ऐलानी जग्गाहरूमा बस्दा पनि प्रशासनले बस्न नदिएको र स्थानीयनिकायको अगुवाहरूको पहलमा सिचाइको लागि निकालिएको नहरको ऐलानी जग्गामा अस्थायी रूपमा बसोबास गरिरहेको बुझिएको छ । विस्थापितहरू विस्तारै आफन्त र साथीभाईको माध्यमबाट अन्यत्र settle हुदै गएको देखिन्छ ।

# अध्याय पाँच

# विस्थापितहरूको आर्थिक अबस्था वा बिशेषता

विस्थापन वर्तमान समयमा विश्वको समस्या बनिरहेको छ । विशेषगरी प्रकृतिक प्रकोप र दुई भिन्न धर्म तथा जातीय समुदायबिचको तनावको कारणले विश्वभरी नै विस्थापीत हनेको संख्या दिन प्रतिदिन बढी रहेको छ । विस्थापनलाई आपतकालिन अवस्था मान्न सकिन्छ । यसले मानिसको जीवनशैलिका विभिन्न पक्षहरू जस्तै सामाजिक, आर्थिक, शैक्षिक, उनीहरू नाता समबन्ध आदि पक्षमा नकारात्मक प्रभाव पारेको देखिन्छ । यस अध्ययनमा विशेष गरी विस्थापितहरूको आर्थिक पक्षलाई हेर्ने प्रयत्न गरिएको छ । त्यसैले विस्थापित परिवार तथा समुदायमा परेको आर्थिक प्रभाव वारे थाहा पाउन उनीहरूको पेशा, रोजगारी, आम्दानी, खर्चको अवस्थालाई हेर्नु पर्ने हुन्छ । त्यैले विस्थापित व्यक्ति, परिवार तथा समुदायको आर्थिक पक्षमा के कस्ता परिवर्तनहरू आएका छन् भनेर आर्थिक पक्षलाई खोज तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५.१ आम्दानीको मुखय स्रोत

आम्दानी जीवनयापनको लागि महत्वपूर्ण हुन्छ । खासगरी आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले पेशाको आधारमा प्राप्त गरेको नगद वा जिन्सीलाई बुझिन्छ । यो प्रत्यक्ष रूपले रोजगारसँग सम्बन्धित हुन्छ । आमदानीले मानिसको जीवनशैलीमा प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । आम्दानी अनुसार मानिसको जीवन स्तर निर्माण हुने गर्दछ । त्यसैले विस्थापितहरूको उनीहरू विस्थापन हुनु पूर्वको आम्दानी र विस्थापित भएपछिको आम्दानीको चर्चा गर्नुपर्ने हुन्छ ।

### ५.१.१ उत्तरदाताको पूर्व आम्दानीको स्रोत

पूर्व आम्दानीको स्रोत भन्नाले कुनै पनि व्यक्तिले आफनो जीवनयापनको लागि अपनाएको अहिलेभन्दा पहिलाको कार्य भन्ने बुझिन्छ । जुन स्वयंमर पारिवारिक जीवनसँग सम्बनिधत हुन्छ । आम्दानीको अवस्थाले मानिसको सामाजिक स्तरलाई समेत निर्धारण गर्दछ त्यसैले जीवनयापनको लागि मानिसले कुनै न कुनै पेशामा संलग्न भएको हुन्छ । तर समय र ठाउँ परिवर्तनसँगै उनीहरूको पेशामा पनि परिवर्तन हुने गर्दछ । त्यसैले विस्थापितहरूले यहाँ आउनुपूर्व कुन पेशामा संलग्न भएको थियो यहाँ चर्चा गरिएको छ ।

यहाँ १५ घर परिवार ७० मानिसहरूमा समानुपातिक रूपमा सबैको बराबर सम्भावना रहनेगरी २३ जना उत्तरदातासँग अन्तरवार्ता लिँदा उनीहरू कृषि तथा पशुपालन पेशामा संलग्न भएको बताएको छ । विस्थापित हुनु पूर्व सबैजना अर्थात १०० प्रतिशत सबैको मुख्य पेशा कृषि भएको बताएको छ । उनीहरूले उत्पादन गर्ने मुख्य वाली धान र गहुँ भएको यसको अतिरिक्त केरा, अम्बा, आँप, लिच्ची पनि आफ्नो करेसा बारीमा केही मात्रामा उत्पादन गर्ने गरेको बताएका छन् । उनीहरूले कृषिको साथै गाई, भैसी, बाखा, बंगुर आदि पशुपालन गरेको र उनीहरूका अनुसार कृषि र पशुपालन व्यवसायबाट उनीहरूको दैनिक आवस्यकता सजिलै पूर्ति भएको र खाएर बचेको अन्न र पशु विक्री गरेर बचत पनि गर्न सकेको बताउँछन्(स्थलगत सर्वेक्षण, २०७२) ।

### ५.१.२ विस्थापित भएपछि उत्तरदाताको मुख्य आम्दानीको स्रोत

विस्थापनको अवस्था भने कुनै योजना वेगर आपतकालिन अवस्थामा मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा सर्ने प्रकृया हो । मानिसहरूले आफु बसीरहेको स्थानमा आफू र आफनो परिवारअसुरक्षित हुने सम्भावना बढेर गएको अवथामा वाध्य भएर आफू र आफनो परिवार सुरक्षित हुने स्थान चयन गरि विस्थापन हुने गर्दछ । यस्तो अवस्थामा उनीहरूको जीवन शैलीमा सकारात्मक भन्दा नकारात्मक असर बढी पर्ने गरेको देखिन्छ । भरौल गा.वि.स. मा विस्थापित भएर आएकाहरूमध्ये ८२ प्रतिशतले ज्यालादारी पेशा अपनाएको बताएका छन् । ८ प्रतिशत विद्यार्थी र ८ प्रतिशत निस्कृय रहेको बुझिएको छ । विस्थापित परिवारको मुख्य आम्दानीको स्रोत ज्यालादारी काम रहेको देखिन्छ ।

## ५.२ आम्दानीको अवस्था

विस्थापितहरूले आफूहरू विस्थापित भएपछि जीविकोपार्जनको क्रममा कुनै न कुनै पेशामा संलग्न हुनुपर्ने हुन्छ । यहाँ विस्तापित भएर आएकाहरू प्राय सबै ज्यालादारी श्रममा संलग्न भएको देखिएको छ । उनीहरूको आम्दानी वृद्धी हुनुको सट्टा घटेको छ । त्यसैले उनीहरूको आम्दानीमा नकारात्मक असर परेको देखिन्छ ।

### तालिका नं. ६

### उत्तरदाताको मासिक आम्दानीको अवस्था

| क.सं. | मासिक आम्दानी | विस्थापन पूर्व | | विस्थापन पछि | |
|---|---|---|---|---|---|
| | | घर संख्या | प्रतिशत | घर संख्या | प्रतिशत |
| १ | ५००० | - | - | ६ | २६.०९ |
| २ | ५००० - ९९९९ | ३ | १३.०५ | १५ | ६५.२१ |
| ३ | १०,०००-१४,९९९ | ५ | २१.७४ | २ | ८.६९ |
| ४ | १५,९९९-१९,९९९ | १० | ४३.४७ | – | – |
| ५ | २०,००० भन्दा माथि | ५ | २१.७४ | – | – |
| जम्मा | | २३ | १००.०० | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माााथिको तालिकामा विस्थापित हुन पूर्व मासिक आम्दानी १५००० देखि २०००० हुनेको संख्या सबैभन्दा बढी ४३ प्रतिशत रहेको छ भने ५००० भन्दा कम कमाउनेको संख्या नरहेको पाइयो । तर विस्थापन पछि भने ५००० देखि १० हजार कमाउनेको संख्या सबभन्दा बढी देखिएको छ । यस तालिकालाई हेर्दा भरौल गा.वि.स. विस्थापित भएर आउने मानिसहरूको आम्दानी घटेको देखिन्छ । यस क्षेत्रका विस्थापित भएर आउने मानिसहरूको मुख्य पेशा ज्यालादारी श्रम रहेको र यसको अतिरिक्त आंशिक रूपमा खाद्यान्न वाली, वंगुर र कुखुरा पालन गरेको देखिन्छ ।

## ५.३ आम्दानी र खर्चको अवस्था

विस्थापित व्यक्ति तथा परिवारहरूको आर्थिक विवरणलाई विश्लेषण गर्दा उनीहरूको आम्दानी र खर्चको विवरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । विस्थापित हुनु पूर्व उनीहरूको मुख्य पेशा अर्थात आम्दानीको स्रोत कृषि पहशुपालन रहेको देखिन्छ । उनीहरूले कृषिबाट धान, गहुँ उत्पादन गर्ने गरेको यसको अतिरिक्त पशुपालन पनि गर्ने गरेको देखिन्छ । उनीहरूले धान गहुा वर्षभरीलाई पुग्ने गरी राखेर बचेको विक्री गरी अन्य आवश्यकीय वस्तुहरू खरिद गर्ने गरेको बताएका छन् । यसको साथे पशुपालनबाट पशुहरू विक्री गरेर आम्दानी हुने बताएको छ । कृषिा र पशुपालनबाट राम्रो आम्दानी भएकोले उनीहरूको

दैनिक आवश्यकता सजिलै पुरा भएको र केही मात्रामा बचत पनि गर्ने गरेको देखिएको छ । तर मधेशी मुक्ती टाईगरको अभद्र व्यवहारले गर्दा उनीहरू विस्थापित हुन वाध्य भएको र विस्थापनपछि उनीहरूको आर्थिक अवस्थामा नकारात्मक प्रभाव परेको देखिन्छ । उत्तरदाताको विस्थापन हुन पूर्व र पछिको आम्दानी र खर्चको अवस्थालाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ७**

**विस्थापित भएर आएका मानिसहरूको आम्दानिको अबस्था**

| क्र.सं. | विवरण | विस्थापन पूर्व | | विस्थापन पछि | |
|---|---|---|---|---|---|
| | | घर संख्या | प्रतिशत | घर संख्या | प्रतिशत |
| १ | खान नपुग्ने | – | – | ६ | २६.०९ |
| २ | खान मात्र पुग्ने | ३ | १३.०४ | १३ | ५६.५२ |
| ३ | आम्दानी र खर्च वरावर हुने | १५ | ६५.२२ | ४ | १७.३९ |
| ४ | वचत हुने | ५ | २१.७४ | – | – |
| (जम्मा | | २३ | १००.०० | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार विस्थापन हुन अघि आम्दानी र खर्च बराबर हुनेको संख्या बढी देखिएको छ । उनीहरू आम्दनीको स्रोत कृषि र पशुपालन देखिन्छ । यस तालिका अनुसार ६५ प्रतिशतको आम्दानी र खर्च बराबर हुने देखिएको छ भने २१ प्रतिशतले बचत पनि गरेको देखिएको छ । तर विस्थापन भएपछि उनीहरूको मुख्य पेशा ज्याला दारी श्रम भएकोले ५६ प्रतिशतको खानमात्र पुग्ने अन्य काम परेको बेला खर्च गर्न नपुग्ने देखिन्छ । भने २६ प्रतिशतको आम्दानी र खर्च वरावर हुने देखिन्छ । विस्थापित भैसकेपछि वचत गर्नेको संख्या देखिदैन । विस्थापित भएपछि उनीहरूको आम्दनीमा नकारात्मक असर देखिन्छ ।

## ५.४ जग्गा जमिनको अवस्था

विस्थापित भएका मानिसहरूसँग तपाईहरूको विस्थापित हुनू पूर्व कति जग्गा थियो भनेर प्रश्न गर्दा प्रत्येक घर परिवारको एक विगाहादेखि सात विगाहासम्म जग्गा भएको बताएको छ । तर विस्थापित भएपछि आफूहरूसँग अर्थात् आफनो नाममा एक धुर पनि जग्गा नरहेको बताउँछन् । अहिले ऐलानी जग्गामा सानो सानो घर बनाएर बसेको बताएका छन् ।

## ५.५ भौतिक सुविधा

भौतिक सुविधा भन्नाले मानिसका आधारभुत आवश्यकता पुरा गर्न सहयोग गर्ने आधुनिक सुविधालाई बुझिन्छ जस्तैः रेडियो, टि.भी., साइकल, मोटर साइकल आदि । यी साधनहरूले मानिसका दैनिक कार्यमा सहयोग गर्नुको साथै मानिसको सामाजिक आर्थिक अवस्थालाई बताउने भएकोले यसलाई महत्वपूर्ण रूपमा लिएको छ । त्यसैले यसलाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ८**

**भौतिक सुविधाको विवरण**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मोवाइल | १७ | ६५.२१ |
| २ | साइकल | ११ | ४७.८२ |
| ३ | टि.भी. | १३ | ५६.५२ |
| ४ | रेडियो | ७ | ३०.४३ |
| जम्मा | | ४८ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

यस तालिका अनुसार सबैभन्दा बढी मोवाइल प्रयोगकर्ता ६५ प्रतिशत रहेको छ । टि.भी. ५६ प्रतिशतले प्रयोग गरेको छ । त्यस्तै ४७ प्रतिशतले साइकल र ३० प्रतिशतले रेडियो प्रयोग गरेका देखिएको छ भने अन्य भौतिक सुविधाको प्रयोग गरेको देखिदैन ।

## ५.६ विस्थापनले आर्थिक क्षेत्रमापारेको प्रभाव

विशेषगरी प्राकृतिक प्रकोप, दुई समुदाय बिचको तनाव दुई देश बिचको लडाई आदिको कारणले मानिसहरू एक ठाउँबाट अको ठाउँमा विस्थापन हुने गर्दछ । यो एक प्रकारको आपतकालिन अवस्था हो । नेपालमा armed conflict को समयमा र armed conflict को अन्त्य भएपछि पनि पहाडीया र मधेशी समुदाय बिचको तनावको कारणले २००७ पछि तराईबाट पहाडी मुलको हजारौं मानिसहरू विस्थापित भएको देखिन्छ । यसरी भरौल गा.वि.स. माविस्थापित भएर आएका पहाडी मुलको मानिसहरूको आर्थिक पक्षमा परेको प्रभावको अध्ययन गर्ने प्रयत्न गरिएको छ । विस्थापितहरूको अध्ययन गर्ने क्रममा उनीहरूको विस्थापन हुनु पूर्व र विस्थापित भैसकेपछिको उनीहरूको मानिस आम्दानी र खर्चको विवरण तालिका बनाएर तुलनागर्दा विस्थापित हुनु पूर्व १५,००० देखि २०,००० आम्दानी हुनेको संख्या ४३ प्रतिशत रहेको छ भने ५,००० भन्दाकम कमाउनेको संख्या देखिदैन । तर विस्थापित भएपछि ५,००० देखि १०,००० कमाउनेको संख्या ६५ प्रतिशत रहेको देखिएको छ ।

५,००० भन्दा कम कमाउनेको संख्या २६ प्रतिशत रहेको छ । २०,००० भन्दामाथि कमाउनेको संख्या देखिदैन । तर विस्थापन हुनु पूर्व २०,००० भन्दा बढी कमाउनेको संख्या २१ प्रतिशत देखिन्छ । विस्थापित हुनु पूर्व खान नपुग्नेको संख्या देखिदैन । तर विस्थापित भए पछि खान नपुग्नेको संख्या २६ प्रतिशत रहेको छ । विस्थापित उत्तरदाताका अनुसार विस्थापन हुनू पूर्व ८० प्रतिशतले कृषि पेशा अपनाएको र २० प्रतिशतले कृषि पेशाको साथ साथै वैदेशिक रोजगारमा पनि संलग्न भएको बताएको छ । विस्थापन हुनु पूर्व र पछिको उनीहरूको आम्दानीको तुलना गर्दा विस्थापितहरूको आर्थिक क्षेत्रमा नकारात्मक असर परेको देखिएको छ । विस्थापन हुन पूर्व मुख्य पेशा कृषि, पशुपालन र आंशिक रूपमा वैदेशिक राजेगारमा पनि संलग्न भएको बुझिएको छ । कृषिबाट उत्पादित अन्न वर्षभरी खानपुग्ने राखेर बचेको अन्न र पशुहरू विक्रिगरी आएको आयले अन्य आवस्यकीय वस्तुहरू पुर्ती गर्ने र बालबालिकाको लागी शिक्षामाखर्च गर्नेगरेको र दैनिक आवश्यकीय वस्तुहरू सजिलै पुरा गर्न सकेको बताउँछन् । तर आफूहरू विस्थापित भएपछि भने आफनो जग्गा जमिन केही पनि नभएकोले अरुको ज्यालादारी श्रम गर्न जान बाध्य हुन परेको ज्यालादारी

श्रमबाट आएको आयले दैनिक आवश्यकताहरू पुरा गर्न पनि कठिन भएको आफनो बालबालिकाहरूलाई राम्रो शिक्षा दिन नसकेको दैनिक आवश्यकता पुरा गर्नै गाह्रो भएको विस्थापितहरू बताउँछन् । विस्थापितहरूको आर्थिक पक्षमा नकारात्मक असर परेको प्रष्तसँग देखिन्छ ।

# अध्याय छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

विस्थापन आपतकालिन अवस्थामा एक ठाउँबाट अर्को ठाउँमा सर्ने प्रकृया हो । यो प्रकृया आन्तरिक द्धन्द, प्राकृतिक प्रकोप, दुई देश बिचको लडाई, दुई भिन्न जातीय समुदाय बिचको तनाव आदि कारणबाट मानिसहरू आफू बसिरहेको ठाउँ छोडेर विस्थापित हुने गर्दछ । वर्तमान समयमा विश्व भरिनै प्राकृतिक, दुई देश बिचको लडाई, आन्तरिक द्धन्द र दुईभिन्न समुदाय बिचको तनावको कारणले एक ठाउबाट अर्को ठाउँमा विस्थापन हुने प्रकृया बढिरहेको छ।Global overview(2014) काअनुसार २००७ देखि नेपालको दक्षिणी भागको मध्य तराईमा आपराधिक हिंसाहरूमा परिवर्तन आएको मधेसिहरूले पहिचानको आवाज उठाउने क्रममा तराईबाट पहाडीमुलको हजारौं मानिस विस्थापित भएको उल्लेख छ ।त्यसैगरी नेपालमा पनि जनयुद्धको समयमा, २०७२ को महाभुकम्पमा र २०६२/६३ को आन्दोलन समाप्त भएपछि पनि पहाडीया र मधेशीबिच तनाव उत्पन्न भएर तराईबाट पहाडी मुलको मानिस विस्थापित भएकोदेखिन्छ । यस अध्ययनमा विशेषगरी २०६२/६३ को आन्दोलन समाप्त भएपछि सुनसरीको भरौल गा.वि.स. मा सनसरी कै हरिपुर गा.वि.स. बाट विस्थापित भएका पहाडी मुलको समुदाय के कारणले विस्थापित भएका हुन तथ्य खोज्ने प्रयास गरिएको छ । यस अध्ययनमा उनीहरूको विविध समस्याहरूलाई पहिल्याउने प्रयत्न गरिएको छ ।

- विस्थापन हुनुको मुख्य कारण के हो ?
- उनीहरूले के कारणले आफु बसेको ठाउँ छोड्नु बाध्य हुनु पर्‍यो?
- विस्थापित भएपछि उनीहरूको अर्थमा के कस्ता असर पर्‍यो?
- उनीहरू यस क्षेत्रमा विस्थापन हुनको कारण के हो ?

यस अध्ययनमा विस्थापितहरूको अवस्था के कस्तो छ र यसको कारण र असर वारेमा खोज गर्ने र विस्थापित भएर आएकाहरूको सामाजिक, आर्थिक पृष्ठभूमी (उमेर,

लिंग, जात, धर्म, शिक्षा आय) हेर्ने उद्देश्य राखिएको छ । यस अध्ययनको उद्देश्य निम्न अनुसार छ ।

- जनआन्दोलन समाप्ती पछि पनि विस्थापन हुनुपर्ने मुख्य कारणहरू पत्ता लगाउने ।
- उनीहरू विथापित भएपछि गरेको संघर्षको विश्लेषण गर्ने ।
- विथापित भए पछि उनीहरूको अर्थमा परेको असरको विश्लेषण गर्ने ।

यस अध्ययनमा गुणात्मक तथा परिणात्मक तथयांकमा आधारित छ । यस अध्ययनमा यसको उद्देश्यमा आधारित रही अन्वेषणात्मक तथा व्याख्यात्मक अनुसनधान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा भरौल गा.वि.स. वडा नं ३ को विस्थापित समुदायलाई अध्ययन क्षेत्रकोरूपमा लिएको छ ।

यस समुदायको १५ घरधुरी ७० मानिसहरू रहेको ७० मानिसबाट २३ मानिसलाई सामान्य नमुना छनौट विधिको प्रयोग गरी अन्तरवार्ता अवलोकन विधिद्धारा प्राथमिक तथयांक संकलन गरिएको छ । विस्थापनको कारण, उनीहरूको अर्थमा परेको प्रभाव र विस्थापित भएपछि उनीहरूले गरेको संघर्षको अध्ययन गर्नको लागि उनीहरूको सामाजिक पृष्ठभूमी (उमेर, लिंग, जात, धर्म, शिक्षा) हेर्नको लागि सहभागी अन्तरवार्ता विधिको प्रयोग गरिएको छ । उनीहरूको विस्थापनको कारण अर्थमा परेको असर पत्ता लगाउन अन्तरवार्ताको प्रयोग गरिएको छ । यस अध्ययनको सारांश वा निष्कर्ष तल उल्लेख गरिएको छ ।

२०६२/६३ को जनआन्दोलनको समाप्तीपछि दुई समुदाय पहाडीया र मधेशीबिच तनाव उत्पन्न भएकोले आपतकालिन अवस्थामा विस्थापित भएको बुझिएको छ । मानिसहरू जब आफू बसी रहेको स्थानमा आफू र आफनो परिावर असुरक्षित भएको महसुस गर्छ । त्यो समयमा मानिसहरूआफू बसिरहेको स्थान छोडी अर्को ठाँउामा विस्थापित हुने गर्दछ । यसलाई विकर्षण तत्व मानिन्छ । मानिसहरू विस्थापित हुदा आफ्नै समुदाय, जातजाती भएको समुदायमा जाने गर्दछ । जहाँ आफू र आफ्नो परिवार सुरक्षित हुनेमा विश्वास राख्दछ । जति पनि दुई्र समुदाय बिचको तनावको कारणले विस्थापन भएका छन् । तिनीहरूलाई आकर्षण गर्ने तत्वहरू भनेको आफ्नै जातिका समुदायहरू हुन् ।

भरौला गा.वि.स. मा बोबास गर्नै विस्थापित उत्तरदाताको जाती र पेशाको अवस्था हेर्दा विस्थापित हुनेहरूमा लिम्बु, राई, तामाङ्ग, माभ्की, गिरी, नेवार रहेका छन् । उनीहरूको मुख्य पेशा ज्यालादारी श्रम रहेको ८२ प्रतिशत मानिसहरू ज्यालादारी पेशामा संलग्न भएको देखिन्छ । ८ प्रतिशत विद्यार्थी र ८ प्रतिशत निष्कृय रहेको देखिन्छ । शिक्षाको अवस्था यहाँ साक्षर ३४ प्रतिशत, निरक्षर २१ प्रतिशत, प्रा.वि. १३ प्रतिशत रहेको छ । यहाँ उच्च शिक्षा कसैले पनि प्राप्त गरेको देखिदैन । ८२ प्रतिशतले ज्यालादारी पेशा अपनाएको छ । विस्थापितहरूको धर्मको अवस्था हेर्दा यहाँ किराँत धर्म मान्नेहरू ४७ प्रतिशत हिन्दु, ३४ प्रतिशत र वौद्ध १६ प्रतिशत रहेको छ ।

हरिपुर गा.वि.स. बाट भरौल गा.वि.स. मा विस्थापित भएका उत्तरदातासँग तपाईहरू के कारणले यस ठाउँमा विस्थापित भएर आउनु भयो भनि प्रश्न गर्दा सबैले मधेशी मुक्ति टाईगरको अभद्र व्यवहारको कारणले विस्थापित भएको बताएको छ । विस्थापितहरूलाई अहिलेको ठाउँमा आउन आकर्षण गर्ने तत्वहरू हेर्दा ५६ प्रतिशतले आफनै जातीय समुदायले आकर्षित गरेको बताएका छन् । २६ प्रतिशत यातायातको सुविधाले र १७ प्रतिशतले स्वास्थ्यको सुविधाले आकर्षित गरेको बताएको छ । २३ उत्तरदातामा सबैले समुदायको सल्लाह अनुसार अहिलेको ठाउँमा विस्थापित भएर आएको बताएका छन् ।

अध्याय पाँचमा भरौल गा.वि.स. मा विस्थापित भएर आएका मानिसहरूको सामाजिक आर्थिक क्षेत्रमा परेको प्रभावको चर्चा गरिएको छ । यहाँको मानिसहरूको आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको देखिन्छ । विस्थापन हुन अघि २०००० भन्दा बढी आम्दानी हुनेको संख्या २१ प्रतिशत रहेको छभने ५ हजारभन्दा कम आम्दानी हुनेको संख्या नरहेको छ । तर विस्थापित भए पछि खान नपुग्नेको संख्या १६ प्रतिशत छ भने वचत गर्नेको संख्या देखिदैन । यसबाट उनीहरूको आर्थिक क्षेत्रमा नकारात्मक असर परेको देखिन्छ ।

## ६.२ निष्कर्ष

नेपालमा आन्तरिक द्वन्द, प्राकृतिक प्रकोप र दुई जातीय समुदाय बिचको तनावको कारणले एक ठाउाबाट अर्को ठाँउामा मानिसहरू विस्थापन भएको पाइन्छ । नेपालमा चलेको १० बर्षे जनयुद्धको समाप्तीपछि २००७ तिर नेपालको दक्षिण मध्ये भागको तराईमा पहिचानको मुद्दाहरू सशक्त रूपमा उठ्न थालेकोले यहाँ हुने हिंसात्मक आपराधिक

घटनाहरूमा परिवर्तन आएको देखिन्छ । यहि राजनैतिककारणले मधेशी र पहाडीमुलको समुदायबिच तनाव उत्पन्नभएको देखिन्छ । यो संक्रमणकालिन अवस्थामा तराईमा विभिन्न सशस्त्र समुहहरू सकृय रहेको यी समुहहरूले पहाडी मुलको समुदायमा विभिन्नप्रकारको हिंसात्मक कार्यहरू गर्ने गरेको देखिन्छ । यस्ता हिंसात्मक गतिविधिको कारण तराईको विभिन्न भागहरू जस्तै जनकपुर, सिराहा, सप्तरी, सुनसरी, कपिलवस्तु जस्ता विभिन्न भागबाट हजारौं पहाडीमुलको मानिसहरू विस्थापित हुन बाध्य हुनु परेको जनकपुरबाट ७० प्रतिशत पहाडी मुलको मानिस विस्थापितभएको देखिएको छ ।यस अध्ययनमा भरौल गा.वि.स. का विस्थापित मुदायको चर्चा गरिएको छ । उनीहरू मधेशी मुक्ति टाइगर्सको हिंसात्मक गतिविधिको कारणले विस्थापित हुन बाध्य बनाएको देखिन्छ ।यस्तो अवस्थामा सरकार पक्षले यस्ता हिंसात्मक गतिविधिको नियन्त्रण गर्न नसकेको र यसरी हिंसामा परि विस्थापित भएकाहरूलाई खाद्यान्न र आवासको पनि व्यवस्था गरेको देखिदैन ।

यसरी तराईको विभिन्न सशस्त्र समुहहरूको हिंसात्मक गतिविधिको कारण विस्थापित भए पछि उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य जस्ता विविध पक्षमा नकारात्मक असर परेको देखिएको छ । विस्थापित भएपछि उनीहरूको पेशामा परिवर्तन भएको देखिएको छ । विस्थापित हुन पूर्व कृषि र पशुपालन गर्ने गरेको यसबाट राम्रो आयआर्जन गर्न सकेको जस्को कारण दैनिक आवश्यकीय वस्तुहरू सजिलै पुरा गर्न सकेको आफू र आफनो परिवारकोलागी शिक्षा र स्वास्थ्य सुविधाको राम्रो व्यवस्थागर्न सकेको देखिएको छ । तर विस्थापित भएपछि आफनो जग्गा जमिन नभएकोले अरुकोमा ज्यालादारी श्रम गर्न बाध्य हुनु परेको ज्यालादारी श्रमबाट आएको आयलेदैनिक आवश्यकता पुरा गर्न गाह्रो भएकोले स्वासथ्य शिक्षामा आवश्यक मात्रामाखर्च गर्न नसकेकोले राम्रोशिक्षा र स्वास्थ्यको सुविधा पाएको देखिदैन । यसरी विस्थापन हुदा उनीहरूको सामाजिक आर्थिक जीवनमा सकारात्मक भन्दा नकारात्मक असर बढी पर्ने गरेको देखिएको छ । उनीहरूलाई यस ठाँउमा आउन प्रेरित गर्ने तत्वहरू भनेको आफ्नै जातीय समुदाय, स्वास्थ्यको सुविधा र यातायातको सुविधा भएको देखिन्छ । सुरुका दिनहरूमा आफूहरूसँग केही नभएकोले यस ठाँउमा निक्कै कष्टकर पूर्ण दिनहरू भएको बताएका छन् । त्यस समयमा स्थानीय समुदाय र विभिन्न संघ संस्थाहरूले सहयोग गरे बताएका छन । उनीहरूको अर्थमा स्पष्टसँग नकारात्मक प्रभाव देखिएको छ । विस्थापित हुन अघि बचत गर्नेको संख्या २१ प्रतिशत देखिएको छ । भने खान नपुग्नेको संख्या देखिदैन तर विस्थापित भएपछि भने खान नपुग्नेको

संख्या २६ प्रतिशत रहेको छ । भने बचत गर्नेको संख्या छैन । उनीहरूको अर्थमा स्पष्टसँग नकारात्मक प्रभाव देखिएको छ यस विस्थापित समुदायको अध्ययनबाट विस्थापितहरूले राज्य पक्षबाट न राम्रो शान्ति सुरक्षाको ब्यबस्था भयो न विस्थापितभए पछि खाद्यान्न र आवासको सुविधा पायो । विस्थापितहरूले राज्य पक्षबाट केहि पनित्यस्तो सुविधापाएको देखिदैन । भरौल गा.वि.स. को विस्थापितहरूलाई राज्यपक्षले अझै पनि पुर्नवासकोलागि व्यवस्था गरेको छैन । भने विस्थापितहरूमा पनि मनोवैज्ञानिक त्रास अझैसम्म रहेको कारण पुनर्वास हुनप्रति तेतीचासोदिएको देखिदैन । विस्थापितहरू विस्तारै आफन्त र साथिभाईको सहयोगमा अन्तै सर्ने गरेको देखिएको छ । यो क्रम चलिरहेको छ । सुरुमा ५८ घर परिवार अर्थात २९० जना विस्थापित भएर आएकोमाअहिले १४ घर परिवार ७० जनामानिस रहेका छन् । यो घट्दो क्रममा छ ।यस अध्ययनबाट दुई जातीय समुदायबिच तनाव उत्पन्न भएकोसमयमा मानिसहरूले आफनो जातीय समुदायको सामिप्य खोजेको देखिएकोछ ।

बिशेषगरी यस्ता बिबिध समस्या आउनुको मुख्य कारण नेतृत्व पक्षको अदुरदर्शीताको कारण हो । देशमा जतिसुकै परिर्बन आए पनि नेतृत्व पक्षको सोच बिचार भने पुरानै छ ।जनताले परिवर्तन चाहि रहेको छ तर जो सँग राज्यसत्तमा छ । उ सक्दो कम बदलिन चाहन्छ र परिवर्तनमा सक्दो लगाम लगाउन प्रयास गरिरहेको छ । विभेदकारी कानुन परिवर्तन गरेमा समाज र परम्परा खल्बलिन्छ भन्ने सोच राज्यसत्ता पक्षमा कायमै छ । २०६३ साल पछी परिवर्तन भेलसरी आयो यसलाई कसरी नियन्त्रण गर्नेमा ध्यान केन्द्रित राज्य सत्ता देखिन्छ । अहिले बिचमा अड्किएको छ । अपूर्ण काम गरेर छाडी दिएका छौ। २०६३ को परिवर्तनको बेला संविधान बनेपछि सबै समस्या समाधान हुन्छ भन्ने थियो । समानुपातिक प्रतिनिधित्व सहित सबैले राज्यमा आफनो अनुहार खोज्न पाउलान भन्ने थियो । त्यो आशा र उत्साह २०६३ देखि पहिलो संविधान अवशान हुने बेला सम्ममा बदलिई सकेको थियो ।अहिले परिवर्तनको लागि ठूलो दबाब छ । यो पुस्ता परिवर्तनको असर हो । तर नेतृत्व पक्षले त्यसलाई बुझ्नु सम्बोधन गर्नुभन्दा नियन्त्रण र कण्ठीत गर्ने प्रयत्न गरेको देखिएको छ(थापा, २०७३) ।

## सन्दर्भ ग्रन्थ सूची

**अंग्रेजीमा**


Global, Overview (2014). *People internally displaced by conflict and violence.* Nerwegian Refugee council, Chemin de Balexert 7-9 (Geneva).

Hachhethu, Krishna (2003). *Maoist insurgency in Nepal: An overview.* Draft paper.

Hachhethu, Krishna (2007). *Madheshi Nationalism and Restructuring the Nepali State.* Centre for Nepal and Asian Studies, Tribhuvan University, Kirtipur.

Hickel, Marguerite Contat(2001).*Protection of internally displaced persons affected by arm conflict: concept and challengs.* RICR September IRRC September Vol.83 N. 843.

ICRC, (2009): *Internally displacement in armed conflict. Facing up to the challenges.* 19, avenue de la paix, 1202 Geneva, Switzerland.

JICA (2011).*Project study "The study on the effective counter measures against earthquake and Tsunami disasters"* Bulletin(No.1)

Khatiwada, padam Prasad(2012).*Internally displaced person in Nepal:More issues, less heard, study report.* South Asian for human rights(SAHR), Study Report.

Lal CK, Baniya Prem (2016).*On Real Face:*निर्मम तर मार्मिक अन्तरबार्ता, News 24 Nepal

Miklian, Jason (2008).*Nepal's Terai.* Constructing an Ethnic Conflic.

PCDN (2010).*Post –Conflict displacement in Nepal.* Report-1. Rfugee Watch

Refugee Review Triunal,Australia.(17 April 2008).*Research Response Number.* NPL33154, Country: Nepal

Rencoret Nicole, Stoddard Abby, Haver Khatherine (2010).*Haiti earthquake response context analysis,* UNEG.

.Shakya, Anjana (2006).*Social impact of armed conflict in Nepal: Cause and Impact,*Social inclusion Research Fund.(SIRF)

Tamang , Riterdra(2009).*Internally displaced person in Nepal: Neglected and vulnerable, 4828 Mount Royal Gate SW.* Calgary, AB T3E6K6, Canada.

UNHCR, (2013).*Internal displacement: Responsibility and action.* The UN Refugee Agency

UNISDR (2015).*Nepal earthquake disaster risk reduction situation report.*PreventionWeb, The United Nations Office for Disaster Risk Reduction.

**सन्दर्भ सामाग्री नेपालीमा**

आहुती (२०६७) “नेपालमा वर्णव्यवस्था र वर्ग–सङ्घर्ष” पेज–६४,समता फाउण्डेशन पुलचोक, ललितपुर, नेपाल ।

थापा, मञ्जुश्री, (२०७३) “शक्तिशाली नागरिक आवाज चाहिएको छ” काठमाडौं : कान्तिपुर दैनिक ।

“नेपाल स्तरीय पेशा वर्गीकरण -२०५६” केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ : के.त.वि. ।

“राष्ट्रिय जनगणना-२०६८: संक्षित नतिजा”केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाण्डौं,मंसिर २०६९ ।

**अन्य सन्दर्भ सामाग्री**

Agripedia website.( 2015)

Sunsari district, from Wikipedia, the free encyclopedia. (2011)

## अनुसूची

## अन्तर्वार्तामा सोधिएका प्रश्नहरू

: १) उत्तरदाताको व्यक्तिगत विवरण

(क)नामः ..........................................(ख) उमेर ......................

(ग) लिङ्ग : .......................................(घ) शिक्षा ........................

(ङ) धर्म : .........................................................

२) तपाईविस्थापित हो कि होइन ?

३) तपाईृ कुन ठाउँबाट विस्थापित हुनु भएको हो ?

४) तपाई के कारणले विस्थापित हुनु भएको हो ?

५) तराईको विभिन्न शसस्त्र समुहहरू बिशेगरी मधेशी मुक्ती टाइगर्सको के कस्तो प्रकारको अभद्रब्यबहारको कारणले विस्थापित हुन बाध्य बनायो ?

६) स्थानिकायनिकायमा शान्ति सुरक्षाकोलागी उजुरी दिनु भयोकी भएन ?

७) तपाई विस्थापित भएर आउदा शुरुमा कसले आश्रय दियो ?

८) शुरुमा तपाई विस्थापित भएर आउदा स्थानीयहरूले कस्तो व्यवहार गऱ्यो ?

क) राम्रो ख) नराम्रो ग) ठिकै

९) तपाईहरू विस्थापित भएर आउदा सरकारी, गैर-सरकारी तथा अन्य संघ संस्थाहरूबाट सहयोग पाउनु भयोकी भएन?

१०) सहयोग पाउनु भयो भने कुन कुन संघ संस्थाहरूबाट सहयोग पाउनु भयो ?

११) के-के सहयोग पाउनु भयो ?

१२) सरकारसंग सहयोगको माग गर्नु भयो कि भएन ?

१३) सरकार पक्षबाट चाहि के के सहयोग पाउनु भयो त ?

१४) सुरुकादिनहरूमा घर खर्च कसरी चलाउनु भयो ?

१५) अहिले घर खर्चको लागि के व्यावसाय गर्नु हुन्छ?

**आर्थिक क्षेत्रः**

१६)	तपाई विस्थापित हुनुअघिको आम्दानीको स्रोत के थियो ?

१७)	तपाईँको पहिले जग्गा जमिन थियो कि थिएन ? क) थियो........... ख) थिएन...........

१८)	जग्गा जमिन थियो भने कति जग्गा थियो ? क) बिगाह ........ ख)कठ्ठा.... ग) धुर .......

१९)	तपाईँको कुन प्रकारको जग्गा जमिन रहेको थियो ? ................................

(क) खेत( )	(ख) बारी ( )	(ग) खरबारी( )

२०)	कृषीबाट के के उत्पादन गर्नु हुन्थ्यो ?

२१)	खाधान्नमा के-के उत्पादन गर्नुहुन्थ्यो?

(क) धान( )	(ख) मकै( )(ग) गहुँ()

(घ) तोरी ( )(ङ) फलफूल( )	(च) तरकारी( )

२२)	तरकारी अन्तर्गत के–के उत्पादन गर्नुहुन्थ्यो?

(क) आलु( )	(ख) काँउली( ) (ग) सिमी बोडी ( )

२३)	उत्पादित खाधन्नले खान पुग्थ्योकी पुग्दैनथियो? पुग्छ ( )	पुग्दैन ( )

२४)	यदि खानपुग्थ्योभने कति समय खानपुगेकोथियो

२५)	घरको लागि मात्र उत्पादन गर्नु हुन्छ की बेच्नको लागि पनि उत्पादन गर्नु हुन्थ्यो ?

२६)	यदि बेच्नको लागि हो भने बार्षिक आम्दानी कति हुन्थ्यो ?

२७)	बचत कति गर्नु हुन्थ्यो ?

२८)	हाल तपाइँको पेसा के हो ?

२९)	कहिलेदेखि यस पेशा संलग्न हुनुहुन्छ ?

३०)	ती रकम कहाँ खर्च गर्नुहुन्छ ?

३१)	तपाइँको मासिक आम्दानी कति छ ?

३२)	हाल बचत कति गर्नुहुन्छ की हुन्न?

३३)	हाल तपाइँले आम्दानी कहाँ खर्च गर्नुहुन्छ ?

३४)	तपाइँ उपचार गर्न स्वास्थ्य चौकी जानुहुन्छ कि जानुहुन्न ?

जान्छु ()जान्न ( )

३५) तपाइँ उपचार गर्न कहाँ जानुहुन्छ ?

घरेलु उपचार ()स्थानिय स्वास्थ्य चौकी()

जिल्ला अस्पताल() मेडिकल()